निर्धन समाचार

निर्धन उत्थान बैंक लिमिटेडको त्रैमासिक प्रकाशन

वर्ष : १७ अंक : १ र २ २०७२ बैशाख-आश्विन

नेपालका लघुवित्तका पिता डा. हरिहर देव पन्तज्यू प्रति श्रद्धा सुमन

लघुवित्त क्षेत्रका पिता, मौद्रिक अर्थशास्त्री, बैंकका संस्थापक, कार्यकारी संचालक डा. हरिहर देव पन्तज्यूको निधन भएको छ । ग्रामीण क्षेत्रका विपन्न गरीब घरपरिवारहरुमा लघुवित्त कार्यक्रम मार्फत आर्थिक विकास, सामाजिक विकास तथा मानसिक विकास गराउन विगत ३ दशकदेखि क्रियाशील बैंकका संस्थापक तथा कार्यकारी संचालक डा. हरिहर देव पन्त ७२ वर्षको उमेरमा काठमाण्डौं अनामनगर स्थित आफ्नै निवासमा देहावसान भएको हो । वहाँ ८ महिनादेखि फोक्सोको क्यान्सरबाट पिडित हुनुहुन्थ्यो ।

निर्धन उत्थान बैंक लिमिटेडका संस्थापक तथा कार्यकारी संचालक डा. हरिहर देव पन्त नेपाल राष्ट्र बैंकको पूर्व डेपुटि गभर्नर समेत हुनुहुन्थ्यो । विकट ग्रामीण क्षेत्रमा वित्तीय कार्यक्रम विस्तार गर्नका लागि उहाँले उल्लेखनिय भूमिका निर्वाह गर्नु भएको थियो । वित्तीय पहुँच र ब्यवस्थापनमा पछि परेका आधा आकाश ढाक्ने महिलाहरुको विकास नभई देशको आर्थिक विकास संभव हुन नसक्ने साथै गरीबी कम गर्नका लागि संचालन गरिएको योजनाहरु सफल नहुने वहाँको मान्यता रहेको थियो ।

नेपाल राष्ट्र बैंकको तत्कालीन वरिष्ठ अधिकृत डा. हरिहर देव पन्तज्यूले वि.सं. २०४३ सालमा बंगलादेशको ग्रामीण बैंकको अवलोकन भ्रमण गर्नु भएको थियो । त्यहाँ वहाँले मोहम्मद युनुसद्वारा प्रतिपादन गरी संचालन गरिएको ग्रामीण बैंक वित्तीय प्रणाली कार्यक्रमको अवलोकन गर्ने अवसर प्राप्त गर्नु भएको थियो । यो भ्रमणले वहाँमा नेपालमा पनि गरीब विपन्न परिवारहरु रहेको हुँदा यो कार्यक्रम नेपालमा पनि संचालन गर्न सकिने निर्क्यौल गर्नु भयो । यसै भ्रमणले नै वहाँमा नेपालमा पनि लघुवित्त कार्यक्रम संचालन गर्ने ईच्छा जागृत भयो । त्यसै ईच्छा मुताविक वि.सं. २०४७ साल चैत्र १७ गते निर्धन नामक गैर सरकारी संस्थाको समाज कल्याण परिषदमा दर्ता गर्नु भयो । त्यसै समयमा निर्धन संस्थाले रुपन्देही जिल्लाको सिक्टहन गा.वि.स.को बिर्ता भन्ने गाउँमा देशको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त गरी पहिलो शाखा कार्यालय खोली वि.सं. २०४९ साल माघ १७ गतेदेखि २ जना कर्मचारीहरु फिल्डमा राखी कार्यक्रम सुरु गर्नु भयो । यो संस्थाले वि.सं. २०४९ साल चैत्र १ गते रुपन्देही जिल्लाको सिक्टहनमा बिना धितो सामुहिक जमानीमा प्रथम कर्जा वितरण गरी देश मै पहिलो लघुवित्त संस्थाको रुपमा स्थापित गर्नु भयो । नेपालमा मातृ संस्था निर्धन खोली सर्वप्रथम लघुवित्त कार्यक्रमको सुरुवात गर्नु भएको हुँदा वहाँ नेपालमा लघुवित्तका पिताको रुपमा सुपरिचित हुनुहुन्छ । वि.सं. २०६० सालमा वहाँले स्वावलम्वी समूह पद्धतिको प्रतिपादन गर्नु भई पहाडमा पनि लघुवित्त कार्यक्रमको सुरुवात गर्नु भएको थियो । हाल लघुवित्त कार्यक्रम गरीबी कम गर्ने औजार सावित भएको छ । गरीबी विपन्न परिवारहरु त्यसमा पनि महिलाहरुको सामाजिक प्रतिष्ठा उचाईमा पुऱ्याउन लघुवित्त कार्यक्रमले टेवा पुऱ्याएको छ । वहाँ कै पहलमा निर्धन उत्थान बैंकको स्थापना भएको हो ।

नेपालमा विपन्न परिवारको आर्थिक अवस्थामा सुधार ल्याउन प्रभावकारी बैंकिङ्ग पद्धतिको टड्कारो आवश्यकता देखिएको थियो । देशको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्ने इजाजत प्राप्त गरी वि.सं. २०४९ साल चैत्रमा नेपालमा पहिलो पटक विधिवत रुपमा डा. हरिहर देव पन्तको नेतृत्व र अग्रसरतामा लघुवित्त कार्यक्रमको प्रादुर्भाव भयो । नेपालमा लघुवित्त कार्यक्रमका संस्थापक तथा कार्यकारी संचालक डा. हरिहर देव पन्त प्रायः हरेक कार्यक्रमहरुमा भन्ने गर्नु हुन्थ्यो "लघुवित्त कार्यक्रमको मूल मर्म अनुसार गरीबभन्दा गरीबमा जानु पर्ने, दोहोरोपना हुने गरी कार्य गर्न नहुने र उद्यमशीलता विकासमा जोड दिदैं गएमा एक हदसम्म गरीबी कम गर्न सकिन्छ ।"

यस संस्थाले अन्य बैंक/ वित्तीय संस्थाहरुसँग पहुँच नभएका र अत्यन्त विपन्न परिवारका महिलाहरुलाई आफ्नो लक्षित वर्ग बनाई बिना धितो सामूहिक जमानीमा आय आर्जन गर्न कर्जा उपलब्ध गराई नेपालमा ग्रामीण बैंक वित्तीय प्रणालीको सुरुवात गरेको हो । बैंकको मातृ संस्था निर्धनले सुरु गरेको लघुवित्त कार्यक्रम २०७१ चैत्र १ गते बाईसौ वर्ष पार गरी तेईसौं वर्षमा प्रवेश गर्न सफल भएको छ । निर्धन संस्थाको सफलतापछि मात्र सरकारी र गैह्र सरकारी स्तरमा ग्रामीण बैंक वित्तीय प्रणाली अनुशरण गर्ने संस्थाहरुको स्थापना तथा विस्तार हुन थालेको हो ।

यस भित्र .....

- नेपालका लघुवित्तका पिता डा. हरिहर देव पन्तज्यू प्रति श्रद्धा सुमन
- अस्ताए लघुवित्तका प्रवर्तक
- तालिम तथा समाचार
- संघर्षशील महिलाको जीवनी: पुतली वस्ती
- शाखा परिचय (नियमित स्तम्भ)
- शोक पुस्तिकामा डा. पन्त
- पत्रपत्रिकामा डा. पन्त

निर्धन उत्थान बैंकको उत्पत्ति बैंकको मातृ संस्था "निर्धन"को पहलबाट हुन गएको हो । गैह्र सरकारी संस्थाबाट दिगो रुपमा व्यापक तरिकाले सेवा प्रवाह गर्न नसक्ने अनुभव भएपछि मातृ संस्था निर्धन कै पहलबाट वि.सं. २०५५।०७।१२ गते निर्धन उत्थान बैंक लिमिटेडको स्थापना भएको हो । बैंकले आफनो सेवाको सफलतापूर्वक १६ वर्ष पार गरी सकेको छ ।

स्वरोजगारी र सामाजिक जागरणको माध्यमबाट विपन्न वर्ग तथा महिलाहरुलाई उन्नतशील, आत्मनिर्भर बनाउने र ग्रामीण समाजको निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउन उनीहरुलाई सक्षम बनाउने यस बैंकको परिकल्पना (Vision) रहेको छ। त्यसै गरी "ग्रामीण गरीब महिलाहरुलाई दिगो तरिकाले वित्तीय सेवा प्रदान गर्ने र सामाजिक चेतना जगाउने" यस बैंकको अभियान (Mission) रहेको छ ।

सदस्यता अभिवृद्धि र कुशल वितरण संयन्त्रद्वारा वित्तीय सक्षमता हासिल गर्ने, संस्थागत कुशल व्यवस्थापन र कर्मचारीहरुको उच्च मनोवल कायम राख्ने, सामाजिक सचेतना अभिवृद्धि, कर्जा सदुपयोगिता र भुक्तानी तथा नियमित बचतको माध्यमले महिलाहरुको "आत्मसम्मान" कायम राख्न योगदान पुऱ्याउने बैंकको उद्देश्यका साथ बैंकको स्थापना भएको हो ।

हाल बैंकको संचालक समितिमा अध्यक्ष श्री गणेश बहादुर थापा (प्रतिनिधि, निर्धन संस्था), सर्वसाधारण शेयरधनीहरुबाट संचालकहरु श्री अच्युत राज जोशी र श्री टोप बहादुर रायमाझी, संचालक श्री राजेश गौतम (प्रतिनिधि, एभरेष्ट बैंक लिमिटेड), संचालक श्री सुशिल जोशी (प्रतिनिधि, हिमालयन बैंक लिमिटेड), संचालक श्री राम भक्त थापा (स्वतन्त्र व्यवसायि विशेषज्ञ) हुनुहुन्छ । बैंक व्यवस्थापनमा कार्यकारी संचालक डा. हरिहर देव पन्त हुनुहुन्थ्यो ।

हाल निर्धन उत्थान बैंक लिमिटेडले २०७२ आश्विन मसान्तसम्ममा १ केन्द्रीय कार्यालय, १० क्षेत्रीय कार्यालय र १७६ वटा शाखाहरु गरी १८७ वटा कार्यालयहरुको विशाल सञ्जालबाट

२५३,३५१ ग्राहक सदस्यहरुलाई सेवा पुऱ्याई रहेको छ । बैंक तथा वित्तीय संस्थाहरु माझ शाखा सञ्जालको हिसाबले यो बैंक नेपालको दोश्रो ठूलो वित्तीय संस्था बन्न सफल भएको छ । साथै निर्धन उत्थान बैंक लिमिटेडले नेपालको लघुवित्त संस्थाहरु माझ एउटा नेतृत्वदायि भूमिका समेत निर्वाह गरी रहेको छ ।

मातृ संस्था निर्धनको सफलतापश्चात नेपालमा पनि हाल थुप्रै लघुवित्त संस्थाहरुले देशका कुना कुनामा लघुवित्त सेवा पुऱ्याई रहेको छ । कुनै पनि संस्थाको विकास हुन राजनैतिक तटस्थ, प्रतिवद्ध, सुयोग्य एवम् दुरदर्शी नेतृत्वको आवश्यकता पर्छ । कतिपय कार्यक्रम, नेतृत्व परिवर्तनको फलस्वरुपः असफलताको कारण बनी नयाँ जीवनको लागि अनुसन्धान र अध्ययनका विषय बनेका उदाहरण पनि छन् ।

निर्धन उत्थान बैंक लिमिटेड सफल हुनुमा बैंकका संस्थापक, लघुवित्तका पिता तथा कार्यकारी संचालक डा. श्री हरिहर देव पन्तज्यूको ठूलो हात रहेको छ । बैंकले सुरुवातदेखि नै एक सुयोग्य, त्यागी एवम् दुरदर्शी व्यक्तिको निरन्तर नेतृत्व पाई नै रहेको छ । त्यसैले पनि निर्धन उत्थान बैंक लिमिटेड आज यो अवस्थामा आई पुग्न सफल भएको हो ।

नेपालका लघुवित्तका पिता, मौद्रिक अर्थशास्त्री, नेपाल राष्ट्र बैंकका पूर्व डेपुटि गभर्नर, यस बैंकका संस्थापक, कार्यकारी संचालक डा. हरिहर देव पन्तज्यू प्रति श्रद्धा सुमन ।

गभर्नर
Governor

नेपाल राष्ट्र बैंक
NEPAL RASTRA BANK

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
Central Office
Baluwatar, Kathmandu

हार्दिक समवेदना

नेपाल राष्ट्र बैंकका पूर्व डेपुटी गभर्नर एवम् नेपालमा लघुवित्तका प्रवर्तकका रुपमा चिनिनुहुने अर्थविद् डा. हरिहरदेव पन्तको असामयिक निधनको खबरले म लगायत नेपाल राष्ट्र बैंक परिवार अत्यन्त दुःखित भएको छ ।

गरिबी न्यूनीकरणका लागि 'सबैका लागि सुलभ वित्तीय सेवा' उपलब्ध गराउन आवश्यक छ भन्ने अवधारणाको उन्नयन, प्रवर्द्धन र व्यवहारसम्मत कार्यान्वयनमा डा. पन्त जीवनभर समर्पित रहनुभयो । उहाँ नेपाली अर्थतन्त्र र सामाजिक संरचनाका ज्ञाता हुनुहुन्थ्यो । विकासको प्रमुख चुनौतीका रूपमा रहेको गरिबी न्यूनीकरणका लागि लघुवित्तलाई राज्यले मुख्य उपकरणका रूपमा लिएको सन्दर्भलाई म यहाँ स्मरण गर्न चाहन्छु । लघुवित्तका क्षेत्रमा उहाँको उच्च योगदानलाई नेपालले चिर कालपर्यन्त स्मरण गरिरहने छ भन्ने मेरो विश्वास छ । नेपाल राष्ट्र बैंकमा सेवारत रहँदा उहाँले पुऱ्याउनुभएको योगदानको समेत म मुक्त कण्ठले प्रशंसा गर्दछु ।

उहाँको निधनबाट परिवार तथा समाजले एक कुशल अभिभावक मात्र नभई राष्ट्रले नै एक निर्भीक एवम् स्वाभिमानी आर्थिक चिन्तक गुमाएको छ । दुःखको यस घडीमा दिवङ्गत आत्माप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति म नेपाल राष्ट्र बैंक परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक समवेदना व्यक्त गर्दछु ।

(डा. चिरंजीबि नेपाल)

Phone: 977-1-4410386 Fax: 977-1-4410159 Post Box: 73 Website: www.nrb.org.np Email: ofg@nrb.org.np

बैंकमा नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्त

प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त

यस निर्धन उत्थान बैंकमा नयाँ प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त नियुक्त हुनु भएको छ । नव नियुक्त प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्तज्यूले मिति २०७२ आश्विन १ गतेदेखि लागू हुने गरी नियुक्ति लिनु भएको छ। उहाँले एडम्सन युनिर्भसिटी, मनिलाबाट सिभिल इन्जिनियरिङ्गमा B.Sc. गरी, ओक्लोहमा सिटी युनिर्भसिटी संयुक्त राज्य अमेरिकाबाट एम.वि.ए. सम्मको अध्ययन पूरा गर्नु भएको छ। श्री पन्त विगत २५ वर्षदेखि बैंकिङ्ग क्षेत्रमा संलग्न रहनु भएको छ। मिति २०६७ आषाढ २३ गतेदेखि २०७२ भाद्र १४ गतेसम्म वहाँ नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेडको संचालक पदमा कार्यरत रहनु भएको थियो । वहाँले नेपालको बैंक तथा वित्तीय संस्था र विमा व्यवसायमा समेत दख्खल राख्नु हुन्छ ।

कर्जा सीमामा वृद्धि

बैंकको संचालक समितिको मिति २०७२।०७।०१ गतेको २०१ औं बैठकको निर्णय बमोजिम ग्राहक सदस्यहरुलाई प्रदान गरिने कर्जा सीमामा वृद्धि गरिएको छ।

बैंकले साधारण कर्जा पहिलो वर्ष रु. ६०,०००।-, दोश्रो वर्ष रु. १००,०००।-, तेश्रो वर्ष रु. १५०,०००।-, चौथो वर्ष रु. २००,०००।- सम्म कर्जा सीमा कायम गरिएको छ।

हिमाली भेगमा रहेका शाखा चामे र घाँसामा ग्रामीण पर्यटन प्रवर्द्धन व्यवसाय जस्तैः होम स्टे, होटल, ट्रेकिङ्ग एजेन्सी, संचार केन्द्र आदि, जडिबूटि उत्पादन, प्रवर्द्धन तथा प्रशोधन, स्याउ खेती, किराना पसल विस्तार गर्न, व्यवसायिक भेडा, बाख्रा र च्याङ्ग्रापालन प्रयोजनको लागि प्रथम वर्षमा अधिकतम रु. १००,०००।- सम्म कर्जा सीमा कायम गरिएको छ।

प्रभु म्यानेजमेन्ट र निर्धन उत्थान बैंक बीच रेमिट्यान्स संझौता

प्रभु मनि ट्रान्सफर अन्तर्गत प्रभु म्यानेजमेन्ट प्रा.लि. र निर्धन उत्थान बैंक बीच रेमिट्यान्स संझौता भएको छ। उक्त संझौता अनुसार निर्धन उत्थान बैंकका देशै भरिका १ सय ७६ वटै शाखाबाट रेमिट्यान्स कारोवार गर्न सकिने छ।

पछिल्लो समयमा ग्रामीण क्षेत्रमा सहकारी मार्फत रेमिट्यान्स कारोवारमा सक्रिय रहेको प्रभु ट्रान्सफरले यो संझौतासँगै लघुवित्त क्षेत्रमा सक्रिय निर्धन उत्थान बैंकका सबै शाखाबाट कारोवार गर्न सकिने छ। विभिन्न बैंक मार्फत शहरी क्षेत्रमा सक्रिय बैंक तथा वित्तीय संस्थाहरु विस्तारै ग्रामीण तहसम्म पुगेका छन्। यस संझौतासँगै विदेशका जुनसुकै कुनामा बसोबास गर्ने नेपालीहरुले प्रभुबाट पठाएको रेमिट्यान्स निर्धन उत्थान बैंकबाट निकाल्न र नेपाल अधिराज्य भरि नै रकम पठाउन सक्ने छन् । उक्त संझौता पत्रमा प्रभु म्यानेजमेन्टका तर्फबाट म्यानेजिङ्ग डाइरेक्टर कुशुम लामा तथा बजार ब्यवस्थापक रोशन रखालले अपरेशन हेड बिमल महतको उपस्थितिमा हस्ताक्षर गर्नु भएको छ भने निर्धन उत्थान बैंक लिमिटेडका तर्फबाट नायब महाप्रवन्धक श्री भोज राज बश्याल र लेखा प्रमुख श्री मुकेश दाहालले हस्ताक्षर गर्नु भएको छ।

रक्तदान कार्यक्रम

२०७२ बैशाख १२ गतेको दिन देशमा आएको विनाशकारी महाभूकम्प त्यसपश्चात आएका अनगिन्ति पराकम्पनले घाईते भएका ब्यक्तिहरुको रगतको अभावलाई कम गर्नको लागि बैंकले मिति २०७२ जेष्ठ ६ गते रक्तदान कार्यक्रमको आयोजना गरेको थियो ।

रक्तदान कार्यक्रममा बैंकका नायब महाप्रवन्धक श्री भोज राज बश्याल, कन्सल्टेन्ट श्री सुनिल खनाल, वरिष्ठ ब्यवस्थापक श्री नारायण बहादुर कार्की, वरिष्ठ ब्यवस्थापक श्री मुकेश दाहाल, वरिष्ठ ब्यवस्थापक श्री पवन कुमार श्रेष्ठ, वरिष्ठ ब्यवस्थापक श्री नारायण प्रसाद न्यौपाने, ब्यवस्थापक श्री बिष्णु महर्जन, ब्यवस्थापक श्री विकास भट्टराई, ब्यवस्थापक श्री जग्य प्रसाद पन्त, सहायक ब्यवस्थापक श्री शम्भु अस्लामी, सहायक ब्यवस्थापक श्री राजु तामाङ्ग, सहायक ब्यवस्थापक श्री रविन्द्र तिमल्सेना, सहायक ब्यवस्थापक श्री दिनेश सिंह, सहायक ब्यवस्थापक श्री किशोर बूढाथोकी, सुपरीक्षक श्री ओम प्रकाश कोईराला, सुपरीक्षक श्री रामजी प्रसाद भट्टराई, सुपरीक्षक श्री रवि गुरुङ्गले रक्तदान गर्नु भएको थियो ।

रक्तदान कार्यक्रम पश्चात प्रसन्न मुद्रामा रक्तदाताहरु

छात्रवृत्ति कार्यक्रम

बैंकले आफुसँग आवद्ध ग्राहक सदस्यहरुका छोरा छोरीहरुलाई छात्रवृत्ति प्रदान गर्दै आई रहेको छ। बैंकको शाखामा आवद्ध ग्राहक तथा सदस्यहरुका छोराछोरीहरु मध्ये एस.एल.सी. परीक्षामा सबैभन्दा बढी अंक प्राप्त गर्ने एक शाखाबाट एक जनालाई छात्रवृत्ति प्रदान गर्दै आई रहेको छ।

विगत वर्षहरु जस्तै यस २०७१ सालको एस.एल.सी.मा सबैभन्दा बढी अंक प्राप्त गर्ने ग्राहक सदस्यहरुका छोराछोरीहरु मध्ये एक जनाको दरले १०८ वटा शाखाहरुका १०८ जनालाई नगद रु. २५००।- का दरले रु. २,७०,०००।- छात्रवृत्ति प्रदान गर्ने भएको छ।

अस्ताए लघुवित्तका प्रवर्तक

-गोकर्ण अवस्थी



राजधानीमा सन् २००८ मा आयोजित लघुवित्त सम्मेलनका क्रममा अर्थमन्त्री श्री रामशरण महतले हरिहर देव पन्तलाई "लघुवित्तका पिता" भनेर सम्बोधन गरेका थिए । त्यो घटना पहिलो थियो, जहाँ मुलुकका अर्थमन्त्रीले गाउँ-गाउँमा गरीबी घटाउने भन्दै डुली रहने पन्तलाई उच्च सम्मान गरेका थिए ।

हुन त उनले धन र सम्मानका लागि कहिल्यै पनि काम गरेनन् । त्यो सम्मान लगत्तैको भेटमा उनले सरकारको उच्च मूल्यांकनले जिम्मेवारी बढाएको प्रतिक्रिया दिएका थिए । "निर्धनका लागि काम गर्दै जाने हो, उनीहरु धनी भए भने मेरो सही सम्मान हुनेछ," उनी भन्ने गर्थे ।

फोक्सोको क्यान्सरसँग लडी रहँदा अन्तिम समयमा उनले छोरा जनार्दन देव पन्तलाई पनि त्यही भनेछन् । "गरीबका लागि काम गर्नु भन्नु भएको छ," निर्धन उत्थान बैंकमा भर्खरै प्रमुख कार्यकारी अधिकृत नियुक्त भएका जनार्दनले भने । निर्धन संस्थाको प्रवर्द्धनमा पन्तको अवधारणा मै बैंक स्थापना भएको हो । बैंक स्थापना हुनु ५ वर्ष अघि नै उनले निर्धन संस्थाको नामबाट लघुवित्त सेवा सुरु गरी सकेका थिए । निर्धन संस्था वि.सं. २०४९ मा स्थापना भएको थियो ।

उनको निर्धन संस्थाले बंगलादेशको ग्रामीण बैंकको अवधारणामा काम थालेको थियो । पन्त बंगलादेशका प्राध्यापक युनुसको कामबाट निक्कै प्रभावित थिए । त्यहींको मोडल ल्याएर उनले यहाँ काम थालेका थिए । त्यसैले उनलाई "नेपालका युनुस" भनेर चिन्नेहरु पनि धेरै छन् ।

राष्ट्र बैंकमा डेपुटी गर्भनर रहेका पन्तले पछि पदबाट राजीनामा दिए । उनीभन्दा कनिष्ठ डेपुटी गभर्नर सत्येन्द्रप्यारा श्रेष्ठ गभर्नर भएपछि उनी केन्द्रीय बैंकबाट बाहिरिएका थिए । त्यसपछि वि.सं. २०५५ मा उनले बैंक स्थापना गरेका हुन् ।

राजधानीबाट बसाई सरेको पन्त परिवारमा उनी वि.सं. २००१ मा पाल्पाको हुँगीमा जन्मिएका थिए । उनीसँगै पढेका हरिकृष्ण पन्तका अनुसार उनी वि.सं. २०१२ मा पढ्न राजधानी आएका थिए । पद्मोदय हाईस्कूलबाट उनले वि.सं. २०१४ सालमा एस.एल.सी. पास गरेका थिए । "त्यसपछि उहाँले विज्ञान पढेर पछि अर्थशास्त्र पढ्नु भयो, हरि कृष्ण संम्झिन्छन् "पछि राष्ट्र बैंकमा हामी फेरि सँगै काम गर्न थाल्यौं ।" उनले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेका थिए । केही समय राजधानीको विजय स्मारक माध्यमिक विद्यालयमा अध्यापन समेत गरेका पन्तपछि राष्ट्र बैंकको जागिरे भएका थिए । उनले बम्बे विश्वविद्यालयबाट मौद्रिक नीतिमा विद्यावारिधि गरेका थिए । मौद्रिक नीतिमा विद्यावारिधि गरेपनि उनी त्यसका प्राविधिक विषयमा अल्भ्केनन् । गाउँलाई बढी प्राथमिकता दिए । सहपाठी पन्तका अनुसार उनले केही समय अन्तराष्ट्रिय मूद्रा कोष (आई.एम.एफ.) को सल्लाहकार भएर पनि काम गरे ।

पन्तसँग २१ वर्ष काम गरेका बैंकका नायव महाप्रवन्धक श्री भोज राज बश्यालका अनुसार पन्तको नेतृत्वमा संस्थाको वृहत विकास भएको हो । वि.सं. २०५१ सालमा उनले निर्धन संस्थामा प्रवेश गरे यता पन्तसँग निरन्तर काम गरी रहेको बताउँछन् । "उहाँको नाम देखेर शिक्षकको जागिर छोडेर निर्धन संस्था आएको थिएँ,' बश्यालले भने, "डाक्टर साबले सोध्दा पनि यही जवाफ दिएको थिएँ ।" वि.सं. २०५१ सालमा निर्धन संस्थामा २० जना जति कर्मचारी र ३ वटा शाखा रहेको बश्याल संम्भिन्छन् ।

अहिले बैंकका १७६ शाखा छन् । ७ अरब रुपैयाँ जतिको ऋण प्रवाह भएको छ । शेयर बजारमा निर्धन बैंकको प्रति कित्ता शेयर मूल्य १७ सयभन्दा माथि छ । यसको पहुँच ७५ जिल्लामा पुगेको छ । वि.सं. २०६५ सालसम्म पनि पहाडमा लघुवित्त पुऱ्याउन नसकेकोमा डा. पन्त दुःखी देखिन्थे । लघुवित्त सानो समूह बनाएर त्यहींभित्र रकम संकलन गरी कर्जा दिने कार्यक्रम हो । यसमा निर्धनजस्ता बैंकहरुले सघाउँछन् । यी बैंकले ग्रामीण महिलाहरुको समूह बनाउँछन् ।

त्यही समूहमा सानो बचत गर्न लगाउँछन् । सामुहिक जमानीमा बिना धितो समूहका सदस्यले ऋण पाउने गरेका छन् । पहाडमा बजारको अभावको कारण लघुकर्जा लिएकाहरुको उत्पादनले बजार नपाउने खतरा रहन्छ । त्यसैले पहाडमा लघुवित्त विस्तार हुन समय लाग्यो । विस्तारै बाटो पुग्दै जाँदा लघुवित्त पहाडतिर पनि उक्लिन थालेको थियो । यस अर्थमा उनको एउटा सपना पूरा भयो ।

यसको अर्को पाटो लघुवित्त मार्फत सामाजिक सुधार ल्याउने उनको प्रयास यद्यपि कायम छ । उनीसँग तराईका विभिन्न गाउँ डुल्ने क्रममा शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रसँग लघुवित्तलाई जोडेर गरीबहरुको जीवनस्तर उकास्ने योजना सुनाई रहन्थे । "मलाई पनि निर्धनले गर्नु पर्ने सामाजिक पाटोलाई नबिर्सनु भन्नु भएको छ" बश्याललले आफुलाई दिईएको अन्तिम निर्देशन सुनाए ।

पन्त हक्की स्वभावका थिए । पाल्पाको सम्पन्न परिवारमा जन्मेका उनलाई जीवनपर्यन्त आर्थिक अभाव भएन । त्यसका लागि उनले संम्झौता पनि गरेनन् । उनलाई कसरी संम्भिनु हुन्छ त भनेर नजिकका लागि सोध्दा सिधा जवाफ आउँछ, "हक्की" । उनको हठ नै थियो, जसले बिना ब्याज विपन्न गाउँमा त्यो पनि महिलासम्म वित्तीय पहुँच पुऱ्याए । महिलालाई परिवारमा सम्मानजनक स्थान दिलाउन उनको प्रयासले ठूलो काम गरेको छ । "महिला आर्थिक रुपले सवल भए परिवार र समाजमा ईज्जत पाउने अवस्थामा पुग्छन्,' उनी भन्ने गर्थे ।

तर लघुवित्त मार्फत धितो नराखी ऋण पाईने भएपनि त्यसको ब्याज भने चर्को हुने गरेको गुनासो यद्यपि छ । सुरुवाति दिनमा पन्त पनि यसलाई स्वभाविक नै मानेर विस्तारमा लागेका थिए । पछिल्लो समय घटाउने केही भने उनले गरे । जुन अधुरै रह्यो ।

निर्धनका लागि काम गर्ने भए पनि भब्य महलमा कार्यालय राख्नु उनको विशेषता थियो । भ्रण्डै दशकअघि भैरहवामा बनेको निर्धनको भवन शहर कै मुख्य आकर्षण थियो । राजधानीमा पनि निर्धनको भब्य भवन छ । "घरजग्गा धेरै भयो भने संस्था बलियो र दिगो हुन्छ भन्ने उनको भनाई थियो," बश्याल भन्छन् , "त्यसैले चल सम्पति जोडनमा उनले विशेष ध्यान दिन्थे ।" तर कार्यालय भित्र प्रवेश गरियो भने निकै कम खर्चमा चलाईएको देखिन्छ । पन्त पान र पान परागका सौखिन थिए । उनका २ छोरा र श्रीमती छन् ।

साभार: मिति २०७२/०५/२६ गते कान्तिपुर दैनिकद्वारा प्रकाशित

पत्रपत्रिकामा डा. पन्त

बैंकको श्रद्धान्जली कार्यक्रम

नेपालका लघुवित्तका पिता, मौद्रिक अर्थशास्त्री, नेपाल राष्ट्र बैंकका पूर्व डेपुटि गभर्नर, यस बैंकका संस्थापक, कार्यकारी संचालक डा. हरिहर देव पन्तज्यूको मिति २०७२ भाद्र महिनाको २१ गतेका दिन असमायिक निधन भएको थियो । मिति २०७२ भाद्र २२ गतेका दिन बैंकका संचालक समितिका अध्यक्ष श्री गणेश बहादुर थापा, संचालकहरु, नायब महाप्रवन्धक, सहायक महाप्रवन्धक लगायत सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा केन्द्रीय कार्यालयमा श्रद्धान्जली कार्यक्रम आयोजना गरियो । केन्द्रीय कार्यालयमा १३ दिनसम्म शोक पुस्तिका राखिएको थियो । त्यसै गरी सबै क्षेत्रीय कार्यालयहरु तथा सबै शाखा कार्यालयहरुमा श्रद्धान्जली कार्यक्रम गरियो साथै बैंकको सम्पूर्ण कार्यालयहरुमा १३ दिनसम्म शोक पुस्तिका राखिएको थियो ।

बैंकको बिजुवार शाखा, प्युठानमा कार्यरत सहायक कर्मचारी स्व. सीता शर्माको मिति २०७२ श्रावण महिनाको २५ गतेका दिन प्युठानमा भएको बस दुर्घटनामा परी अल्पायु मै असमायिक निधन भएको थियो । बैंकको केन्द्रीय कार्यालय लगायत क्षेत्रीय कार्यालयहरु तथा शाखा कार्यालयहरुमा श्रद्धान्जली कार्यक्रम आयोजना गरी शोक पुस्तिका राखिएको थियो ।

समवेदना

जन्म: २०५१।०२।१९

मृत्यु: २०७२।०४।२५

स्व. सीता शर्मा

यस बैंकको शाखा कार्यालय, बिजुवार, प्युठानमा कार्यरत लगनशील, ईमान्दार तथा मेहनति कर्मचारी स्वर्गीय सिता शर्मा (कर्मचारी नं. १११८)को कार्य सम्पादनको क्रममा मिति २०७२।०४।२५ गते प्युठानमा भएको बस दुर्घटनामा परी अल्पायु मै असामयिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं । यस दु:खद घडीमा शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।

निर्धन समाचार परिवार

समवेदना

जन्म: २०५६ जेष्ठ १५ गते

मृत्यु: २०७२ बैशाख २१ गते

स्व. मिरा प्रजापति

निर्धन उत्थान बैंक लिमिटेड शाखा कार्यालय ओदारीमा कार्यरत शाखा प्रमुख श्री मिश्री लाल कुम्हारको प्यारी छोरी स्वर्गीय मिरा प्रजापतिको असामयिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं । यस दु:खद घडीमा शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।

निर्धन समाचार परिवार

समवेदना

जन्म: २०४०/१२/०४

मृत्यु: २०७२/०६/०८

स्व. मन्जु खनाल

यस बैंकको गल्याङ्ग शाखा, स्याङ्गजामा कार्यरत शाखा प्रमुख श्री केदार प्रसाद खनालका धर्मपत्नी स्व. मन्जु खनालको असामयिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं । यस दु:खद घडीमा शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।

निर्धन समाचार परिवार

समवेदना

जन्म:१९९६

मृत्यु: २०७२ बैशाख ९ गते

स्व. श्री थानेश्वर सुवेदी

बैंकको शाखा कार्यालय, बाँसगढीमा कार्यरत सहायक श्री हिमाल सुवेदीको स्वर्गीय परमपुज्य पिता स्वर्गीय थानेश्वर सुवेदीको असामयिक निधन भएकोमा दिवंगत आत्माहरुको चिरशान्तिको लागि भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं । यस दु:खद घडीमा शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।

निर्धन समाचार परिवार

समवेदना

जन्म: २०००

मृत्यु: २०७२ बैशाख १३ गते

स्व. श्री लेखनाथ अर्याल

निर्धन उत्थान बैंक लिमिटेड शाखा कार्यालय जहरेमा कार्यरत सहायक श्री मनु अर्यालको परमपुज्य पिता स्वर्गीय लेखनाथ अर्यालको असामयिक निधन भएकोमा दिवंगत आत्माहरुको चिरशान्तिको लागि भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं । यस दु:खद घडीमा शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।

निर्धन समाचार परिवार

समवेदना

जन्म: २०१३ कार्त्तिक ८ गते

मृत्यु: २०७१ चैत्र १८ गते

स्व. श्री ईन्द्रमाया तामाङ्ग

बैंकको शाखा कार्यालय, फिदिममा कार्यरत शाखा प्रमुख श्री रितामाया तामाङ्गको ममतामयि सासूआमा स्वर्गीय श्री ईन्द्रमाया तामाङ्गको असामयिक निधन भएकोमा दिवंगत आत्माहरुको चिरशान्तिको लागि भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं । यस दु:खद घडीमा शोक सन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी श्री पशुपतिनाथसँग प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।

निर्धन समाचार परिवार

कार्यक्रम समीक्षा, योजना तथा बजेट तर्जुमा गोष्ठी सम्पन्न

गोष्ठीमा बैंकका कार्यकारी संचालक डा. हरिहर देव पन्तज्यू, नायब महाप्रवन्धक, सहायक महाप्रवन्धक, कन्सल्टेन्ट र गोष्ठीमा उपस्थित व्यवस्थापकीय स्तरका कर्मचारीहरु

यस बैंकले विगत वर्षहरुमा झैं यो वर्ष पनि आफनो दश वटै क्षेत्रीय कार्यालयहरुका क्षेत्रीय प्रमुखहरुको सहभागितामा मिति २०७२ साल आषाढ ६ गतेदेखि ७ गतेसम्म २ दिने केन्द्रीय स्तरमा "कार्यक्रम समीक्षा, पुनरावलोकन, योजना तथा बजेट तर्जुमा गोष्ठी" सम्पन्न भएको छ । यस गोष्ठीमा सबै क्षेत्रीय कार्यालयका क्षेत्रीय ब्यवस्थापकहरु, केन्द्रीय कार्यालयबाट कार्यकारी संचालक, नायब महाप्रवन्धक, सहायक महाप्रवन्धक, कन्सल्टेन्ट, मुख्य ब्यवस्थापकहरु, विभागिय प्रमुखहरु र ब्यवस्थापकीय स्तरका कर्मचारीहरुको सहभागिता रहेको थियो । यी गोष्ठीहरुमा यस आ.व. २०७१।७२ को विगत १० महिनाको लक्ष्य तथा प्रगतिको समीक्षा गर्नुका साथै आगामी आ.व. २०७२।७३ को भावि योजना तथा बजेट तर्जुमा गरिएको थियो । बैंकले २०७२ आषाढ मसान्तसम्ममा १७६ वटा शाखा कार्यालयहरुमा २,४२,५५१ सदस्यहरु, १,६१,२४८ ऋणी सदस्यहरु, रु. ३९ अरब १ करोड ४४ हजार ४७० लगानी ३२ अरब ९ करोड ५५ लाख ६९ हजार ६४ असुली भई ६ अरब ९१ करोड ४४ लाख ७५ हजार ४०६ लगानीमा रहेको कर्जा, बचत रु. २ अरब ७६ करोड ६४ लाख ३१ हजार ८७२, ०.५२ % जोखिममा रहेको कर्जा रहेको छ । आ.व. २०७२।७३ मा कम्तिमा १५ वटा शाखा थप गर्ने, ४०,२८७ सदस्यहरु थप गरी २,८२,८३८ सदस्य पुऱ्याउने, कूल सदस्यको ७२ प्रतिशत ऋणी पुऱ्याउने, २ अरब ७२ करोड कर्जा थप गरी रु. ९ अरब ६४ करोड लगानीमा रहेको कर्जा पुऱ्याउने, १ अरब ३७ करोड बचत थप गरी रु. ४ अरब १४ करोड बचत पुऱ्याउने, जोखिममा रहेको कर्जा घटाएर ०.२७ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ ।

कार्यक्रमको समापनको अवसरमा बैंकका संस्थापक तथा कार्यकारी संचालक डा. हरिहर देव पन्तज्यूले भन्नु भएको थियो "गाउँगाउँमा, दुर्गम तथा अति दुर्गममा, बाटोघाटो नभएको ठाउँमा वित्तीय सेवा पुऱ्याउन थोरै पूँजी मै लघुवित्त बैंक स्थापना गर्न नेपाल राष्ट्र बैंकले स्वीकृति दिदैं आएको छ । हालसम्म निर्धन उत्थान बैंकले १,५४७ वटा गा.वि.स.हरुमा सेवा पुऱ्याई सकेको छ । वित्तीय सेवा पुग्न नसकेका गाउँहरुमा वित्तीय सेवा पुऱ्याउने, आगामी ५ वर्ष भित्रमा कम्तिमा २,००० देखि २,२०० गा.वि.स.हरुमा वित्तीय सेवा पुऱ्याउने, गरीबमा पुग्ने, बैंकले २ वर्षभित्रमा बैंकको श्रोतमा स्वसक्षम हुने गरी बचत परिचालन गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । लघुवित्त बैंकहरु बिग्रन गएमा गरीबहरु नै वित्तीय सेवाबाट वन्चित हुने डर हुन्छ त्यसैले लघुवित्त बैंकहरुले राम्ररी ब्यवस्थापन गर्दै चलाउनु पर्दछ ।"

बैंकको गतिविधि ग्राहक सदस्यका सफलताका कथाहरु, लघुवित्त सम्बन्धी रचनाहरु, ग्राहक सदस्यहरुको आफनो परियोजनासँग खिचिएका फोटोहरु, कविता यस पत्रिकाको लागि पठाई सहयोग गरी दिन सम्बन्धित सबैमा आग्रह गर्दछौं ।

– सम्पादक, निर्धन समाचार

पश्चिम नेपालमा वित्तीय सेवा विस्तार गर्नका लागि सक्षम र निर्धन उत्थान बैंक बीच साझेदारी

बैंक र Sakchyam Access to finance बीच Access to finance in remote hill & mountain areas and adoption of new technologies for financial inclusion प्रोजेक्ट कार्यान्वयनको लागि मिति २०७२ श्रावण ६ गते (July २२, २०१५) मा भएको संझौता अनुरुप मिति २०७२ श्रावण ६ गतेदेखि २०७५ श्रावण ४ गतेसम्म लागू हुने गरी जम्मा ३६ महिनासम्ममा दार्चुला जिल्लाको गोकुलेश्वर, बझाङ जिल्लाको चैनपुर, अछाम जिल्लाको साँफेबगर, हुम्ला जिल्लाको सिमीकोट र मुगु जिल्लाको गमगढी गरी जम्मा ५ वटा नयाँ शाखा कार्यालयहरु स्थापना गरी पाँच वर्ष भित्रमा ग्राहक सदस्य ५,०४०, ऋणि सदस्य २,९२३, कर्जा वितरण ४० करोड २८ लाख, लगानीमा रहेको कर्जा रु. २० करोड ८१ लाख, बचत ९५ लाख ६८ हजार पुऱ्याउने लक्ष्य तय भएको छ। यस प्रोजेक्ट अन्तर्गत वित्तीय समावेशीकरणका लागि माथि उल्लेखित शाखाहरु सहित कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, बाजुरा, डोटी र डडेल्धुरा जिल्लाहरुका केही शाखाहरुमा नयाँ प्रविधि POS को Pilot Testing गरी आगामी ५ वर्ष भित्रमा २५,००० ग्राहकमा POS Device मार्फत सेवा दिने रहेको छ। यसको प्रयोगले शाखा कार्यालयहरुमा कार्य कुशलता, उत्पादकत्व वृद्धि भई वित्तीय पहुँचबाट विमुख ग्राहकहरुलाई वित्तीय सेवाको पहुँच उपलब्ध हुने अपेक्षा बैंकले लिएको छ।

नेपालका पश्चिम भू-भागमा भएका जिल्लाहरू जस्तैः अछाम, बझाङ्ग, दार्चुला, हुम्ला र मुगुमा भएको विषम भौगोलिक अवस्थाले उक्त क्षेत्रहरूमा धेरै आधारभुत सेवाहरूको पहुँचलाई रोकेको छ। शिक्षा, चिकित्सकीय सुविधा र खाद्य सुरक्षामा प्रतिकुल असर परेको छ। धेरै ग्रामीण क्षेत्रहरूमा विकासको गतिलाई रोक्ने एक प्रमुख पक्ष यी जिल्लाहरूमा विद्यमान रहेको पर्याप्त र उपयुक्त वित्तीय सेवा तथा उत्पादनहरू उपरको पहुँचको कमी हो।

सक्षम र निर्धन उत्थान बैंक बीच भएको नयाँ साझेदारी – दुर्गम हिमाली र पहाडी क्षेत्रहरूमा वित्तमा पहुँच र वित्तीय समावेशीकरणका लागि नयाँ प्रविधिको अनुप्रयोगले अझ धेरै समूहहरूसम्म पुग्नका लागि नयाँ बैंकका शाखा तथा मोबाइल प्रविधि मार्फत यस क्षेत्रमा वित्तीय सेवा विस्तार गरी यो कमीलाई सम्बोधन गर्ने प्रयास गरेको छ।

विशेष गरी सक्षमको प्राविधिक सहयोग तथा चुनौती कोषले निर्धन उत्थान बैंकलाई ५ वटा जिल्लाहरू-अछाम, बझाङ्ग, दार्चुला, हुम्ला र मुगुमा शाखाहरू खोल्न सहयोग गर्नेछ र ऋण अधिकृतहरूको कारोवारमा लाग्ने समय र सामुहिक बैठकमा हुने गल्तीहरू घटाउनका लागि प्रयोग गर्ने पोइन्ट अफ सेल (पी.ओ.एस.) यन्त्रको परीक्षण गरिने छ र ऋण अधिकृतहरूलाई परिचालन गरी निर्धन उत्थान बैंकको वित्तीय सेवा कार्यक्रममा अझ धेरै सेवाग्राहीहरू थपिने छ। यस साझेदारीले बैंकका एजेन्टहरूलाई उनीहरूको विद्यमान स्वावलम्वी समूहका लागि शाखा रहीत बैकिङ्ग सञ्चालन गर्न पि.ओ.एस. यन्त्र पनि प्रदान गर्नेछ जसले उनीहरूलाई ऋण अधिकृतहरूको प्रत्यक्ष सहयोग बिना नै वित्तीय सेवाहरू संञ्चालन गर्न सक्षम बनाउनेछ। प्रविधिको प्रयोगसँगै, यस साझेदारीले सेवाको प्रभावकारितामा सुधार र पहिले सेवा नदिईएका/लक्षित नगरिएका क्षेत्रहरूमा वित्तीय सेवाको विस्तारको अपेक्षा गरेको छ। यस प्रकारको सुधारिएको वित्तीय सेवाहरू मार्फत उक्त क्षेत्रको आर्थिक अवस्थामा सकरात्मक परिवर्तन आउने र त्यसको परिणाम स्वरुप ग्रामीण जनसंख्याको जीविकामा सुधार आउने अपेक्षा गरिएको छ।

नयाँ साझेदारी विमोचन गर्नका लागि थापाथलीको ट्रेड टावरमा आयोजना गरिएको हस्ताक्षर समारोहमा, निर्धन उत्थान बैंकका अध्यक्ष श्री गणेश बहादुर थापाले भन्नुभयो, "नेपाली जनतासम्म वित्तीय उत्पादन तथा सेवाहरू पुऱ्याउने निर्धन उत्थान बैंकको प्रतिवद्धताले नै यस बैंकका सबै परियोजनाहरूलाई निर्देशित गरी रहेको हुन्छ। यसै प्रतिवद्धता अनुरुप नै हामी सक्षमसँग साझेदारीको घोषणा गर्दैछौ जस अन्तर्गत मध्य र सुदूर पश्चिमका पुग्न कठीन भागहरूमा ५ वटा नयाँ शाखाहरू खोल्ने र उक्त क्षेत्रमा वित्तीय सेवाहरू सुधार गर्नका लागि अन्य नविनतम हस्तक्षेपहरू गर्नेछौं। यस साझेदारीले निर्धन उत्थान बैंकलाई सम्पूर्ण ७५ जिल्लाहरूमा नै आफ्नो उपस्थिति स्थापना गर्न पनि मद्दत गरेको छ।"

यस साझेदारीमा सक्षमको सहयोगी भूमिकाको बारेमा बोल्दै, सक्षमका समूह प्रमुख श्री बलजित बोहराले भन्नुभयो "सक्षमका हस्तक्षेपहरू नयाँ, नविनतम र प्रभावपूर्ण कार्यहरूलाई समर्थन गर्नका लागि हुन्। हामी यथास्थितिलाई समर्थन गर्न चाहदैनौं। नयाँ शाखाहरू खोल्नका लागि अप्ठ्यारा ठाउँहरू रोजेर र पहुँच सुधार्नका लागि मोबाइल सम्बन्धी तजविजताहरू अपनाएर निर्धन उत्थान बैंकले एउटा उपयुक्त चुनौती लिएको छ। यस साझेदारी मार्फत निर्धन उत्थान बैंकलाई उसका प्रयासहरूमा समर्थन गर्न पाउँदा र उक्त क्षेत्रको ग्रामीण जनसंख्याको जीविका सुधार्नमा भूमिका खेल्न पाउँदा सक्षम हर्षित र गौरवान्वित छ।"

सक्षम बेलायती सहयोग प्राप्त र स्थानीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्यमा कार्यान्वयन गरिएको एउटा वित्तीय पहुँच कार्यक्रम हो। निर्धन उत्थान बैंक लिमिटेड एउटा लघुवित्त बैंक हो (स्थापनाः वि.स. २०५५, अक्टोबर १९९८) जसले व्यक्तिगत र समूहगत कर्जा मार्फत गरीबलाई लघुवित्तको सेवाहरू प्रदान गर्दछ। (साभार)

कर्मचारी पदोन्नति

बैंकको संचालक समितिको स्वीकृत दरबन्दी अनुसार बैंकको पदपूर्ति समितिको मिति २०७२।०३।१८ गते, २०७२।०३।२३ गते र २०७२।०३।२९ गतेको निर्णय अनुसार सहायक पदबाट वरिष्ठ सहायक, वरिष्ठ सहायकबाट सुपरीक्षक, सुपरीक्षकबाट सहायक व्यवस्थापक, सहायक व्यवस्थापकबाट व्यवस्थापक र व्यवस्थापक पदबाट वरिष्ठ व्यवस्थापक पदमा मिति २०७२।०३।१८, २०७२।०३।२३ र २०७२।०३।२९ गतेदेखि लागू हुने गरी बढुवा गरेको छ ।

व्यवस्थापक पदबाट वरिष्ठ व्यवस्थापक पदमा श्री राज कुमार पोखेल (१८७) बढुवा हुनु भएको छ ।

सहायक व्यवस्थापक पदबाट व्यवस्थापक पदमा श्री कल्याण बाबु कार्की (२८७), श्री नवराज जोशी (५८६) बढुवा हुनु भएको छ ।

सुपरीक्षक पदबाट सहायक व्यवस्थापक पदमा श्री रामउग्रह चौधरी (५६), श्री कृष्णकान्त अधिकारी (२५३) बढुवा हुनु भएको छ ।

सुपरीक्षक (प्राविधिक) पदबाट सहायक व्यवस्थापक (प्राविधिक) पदमा श्री किशोर बूढाथोकी (५७६), श्री शंकर चौधरी (५७७), श्री प्रदिप कुमार दास (५७३), श्री दिनेश सिंह (५७५) बढुवा हुनु भएको छ ।

विशेष बढुवामा सुपरीक्षक पदबाट सहायक व्यवस्थापक पदमा श्री युवराज तिमिल्सीना (५४) श्री दामोदर पाठक (१३६), श्री शेखर बहादुर कार्की (१०८) बढुवा हुनु भएको छ ।

वरिष्ठ सहायक पदबाट सुपरीक्षक पदमा श्री शैलेन्द्र कुमार पाण्डे (२०२), श्री बृज मोहन प्रसाद गुप्ता (९४), श्री अनिरुद्र प्रसाद यादव (१७०), श्री शम्भु प्रसाद कँडेल (१८०), श्री ओम प्रकाश यादव (२७७), श्री दिपक प्रसाद तेली (८४), श्री बबुर हमाल ठकुरी (९३), श्री दिपक भट्टराई (३६९), श्री नेपाल चौधरी (८७), श्री सूर्य बहादुर विष्ट (१५३), श्री हरि नारायण यादव (१६९), श्री सूर्य मणि कोईराला (१८२) बढुवा हुनु भएको छ ।

सहायकबाट वरिष्ठ सहायक पदमा श्री प्रतिमा खनाल (४२६), श्री प्रमोद कुमार कुर्मी (४२३), श्री उर्मिला बढई (३९६), श्री लक्ष्मण सापकोटा (४८९), श्री कामेश्वर प्रसाद कुशवाहा (५३८), श्री गौतम ज्ञान थापा (५०६), श्री यमुना न्यौपाने (५१६), श्री अमृता पनेरु (४३४), श्री शशि कुमार दास (३८८), श्री शकुन्तला खड्का (६७७), श्री चन्द्रमणि पाण्डे (५६५), श्री ईश्वर श्रेष्ठ (४१३), श्री आशिष कुमार श्रेष्ठ (५५२), श्री दिनेश पण्डित (६५७), श्री मनु अर्याल (६२७), श्री संगिता के.सी. (३९३), श्री लवकान्त दास (५३०), श्री मन्जु पंगेनी (६७६), श्री दुखा राय यादव (५२७), श्री मुकेश प्रसाद गुप्ता (३८०) बढुवा हुनु भएको छ ।

बढुवा हुन सफल सम्पूर्ण कर्मचारीहरुलाई निर्धन समाचारको तर्फबाट हार्दिक बधाईका साथै सफलताको कामना गर्दछौं ।

निर्धन उत्थान बैंक लिमिटेडको प्रेस विज्ञप्ति

यहि २०७२ बैशाख १२ गतेको दिन देशमा आएको विनाशकारी महाभूकम्प र त्यसपछिका पटक पटकका कम्पनले पुऱ्याएको अपूरणिय मानविय तथा भौतिक क्षति प्रति निर्धन उत्थान बैंक लिमिटेड परिवार गहिरो दुःख व्यक्त गर्दै सम्पूर्ण घाईते व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना तथा दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

यस विषम परिस्थितिलाई मध्यनजर गर्दै महाभूकम्प प्रभावित बैंकको कार्य क्षेत्र भित्रका ग्राहक सदस्यहरुलाई राहत स्वरुप बैंकको तर्फबाट रु. ८० (असी) लाखसम्म तथा "प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोष"मा बैंकको तर्फबाट रु. १ लाख १ हजार र यस बैंकमा कार्यरत कर्मचारीहरुको तर्फबाट रु.६ लाख ५४ हजार प्रदान गर्ने निर्णय गरेको ब्यहोरा जानकारी गराउँदछौं ।

प्रेस विज्ञप्ति

लघुवित्त सेवाको माध्यमबाट नेपालमा गरीबी न्यूनिकरण गर्न वि.सं.२०४९ सालदेखि गैर सरकारी संस्था निर्धनले कार्यान्वयन गर्दै आएको लघुवित्त कार्यक्रमलाई निरन्तरता दिंदै वि.सं. २०५६ सालदेखि निर्धन उत्थान बैंक लिमिटेडले विपन्न महिलाहरुलाई लक्षित गरी समूह जमानीमा बिना धितो लघुवित्त सेवा प्रदान गर्दै आएको छ । यस बैंकले २०७२ बैशाख मसान्तसम्ममा देशका ७५ वटै जिल्लामा १७६ वटा शाखा कार्यालयहरु मार्फत २,३१,०७२ जना ग्राहक सदस्यहरुलाई सेवा दिई रहेको छ । हाल यस बैंकको कूल रु.६ अरब ५० करोड कर्जा लगानीमा रहेको र बचत निक्षेप रु.२ अरब ४४ करोड रहेको छ । बैंकले १० वटा क्षेत्रीय कार्यालय मार्फत लघुवित्त कार्यक्रमको सुपरीवेक्षण, अनुगमन गर्दै आएको छ । यस बैंकमा १,१३५ जना कर्मचारीहरु कार्यरत छन् । बैंकले देशको ७५ वटै जिल्लामा आफनो कार्यक्रम विस्तार गरेको अवसरमा बैंकलाई बहुमूल्य योगदान पुऱ्याउनु हुने शेयरधनीहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियमनकारी निकायहरु, बैंकलाई थोक कर्जा तथा बैङ्किङ्ग सेवा प्रदान गर्ने बैंक तथा वित्तीय संस्थाहरु, अन्तर्राष्ट्रिय साझेदार संस्थाहरु, कर्मचारीहरु, ग्राहकहरु र सम्पूर्ण शुभचिन्तकहरु सबैलाई धन्यवाद दिंदै आगामी दिनमा दुर्गम पिछडिएका ग्रामीण क्षेत्रमा अझ बढी प्रभावकारी ढंगले लघुवित्त सेवा प्रदान गर्ने प्रण गर्दछौं ।

निर्धन उत्थान बैंक लिमिटेड
केन्द्रीय कार्यालय, निर्धन भवन, भगवतीबहाल,
नक्साल, काठमाडौ

संघर्षशील महिलाको जीवनीः पुतली वस्ती

श्री अन्जु बस्नेत
सहायक
हालः ओदारी शाखा

वि.सं. २०२७ साल बैशाख १५ गते धादिङ जिल्लाको खाल्टे गा.वि.स. वार्ड नं. ३ स्थित देउराली भन्ने स्थानमा एक सामान्य स्तरको परिवारमा बुबा श्री युक्त प्रसाद ढुंगेल तथा आमा माया ढुंगेलको काईली छोरीको रुपमा पुतली वस्तीको जन्म भएको थियो। धादिङ जिल्लाको वनपाखा, खोलानाला, उकाली ओराली गर्दा गर्दै उनको बाल्यकाल बित्यो।

६ जना दिदीबहिनी, ५ जना दाजुभाइ र आमाबुबा गरी जम्मा १३ जनाको ठूलो परिवार भएको र खेतीयोग्य जमीन पनि प्रशस्त नभएकोले बुबालाई घरब्यवहार चलाउन निकै गाह्रो थियो। त्यसैले सानैदेखि पुतलीले गरीबीलाई नियालेकी थिईन्। बुबाआमा पनि कृषक भएकोले सबै जना खेतीपाती तथा पशुपालनमा रमाउँथे। माईतीघरमा निकै दुःख तथा संघर्षपूर्ण जीवन बिताएकी थिईन् पुतलीले। त्यसबेला उनको माईतीमा २८ बाख्राहरु १५, १६ वटा गाईभैंसीहरु थिए। जग्गाको नाउँमा जम्मा १० रोपनी थियो। बाख्रा चराउन तथा मेलापात गर्न कहिले वन तथा कहिले बेशी झरेका दिनहरु संझदा खुशि लागेपनि कहिले ति कहालीलाग्दा दिनहरु संझेर अझै पनि रुन मन लाग्ने बताउँछिन्।

गरीबी कै कारण साईलो दाइले ६ कक्षा, कान्छो भाइले ६ कक्षा बाहेक, आफु तथा अरुले पनि पढने ईच्छा हुँदाहुँदै पनि पढन नपाएको उनी बताउँछिन्। आमालाई सघाउने, गोठालो जाने, वनजङ्गल घाँसदाउरा गर्ने आदि गर्दथिन्। सानोमा बुबासँग खोरिया खन्न जाँदा काकाको छोरा छोरीले धकेलेर भीरबाट खसाई दिएको दिन अझै याद गर्दछिन्। त्यस समयमा उनको दुई दिनपछि मात्र होश आएको थियो रे।

यसै क्रममा वि.सं. २०४४ साल माघ १९ गते उनको विवाह धादिङ जिल्लाको बैरेनीमा बसोबास गर्ने सुब्बा वस्तीसँग भयो। उनी पेशाले ड्राईभर थिए। उनको श्रीमान बाहेक घरमा अरु कोही थिएनन्। त्यसैले सबै जिम्मेवारी सम्हाल्न गाह्रो थियो। नजीकैको महेश दोभानको मन्दिरमा ५/६ जना जन्ती सहित श्रीमान गाडि लिएर आएको विवाहको त्यो दिन संझदा उनी अझै पनि रमाईलो मान्छिन्। विवाह भएको केही समय पश्चात वि.सं. २०४५ साल पुस ८ मा जेठी छोरी शिला वस्तीको जन्म भयो। वि.सं. २०४७ साल भदौ २९ गते माहिली छोरी सुशिला वस्ती र वि.सं. २०५० साल जेष्ठ १२ गते कान्छी छोरी सुजिता वस्ती जन्म भएको थियो। श्रीमान ट्रक ड्राईभर भएकोले त्यसबेला उनीहरुको आर्थिक अवस्था निकै राम्रो थियो। विवाह पश्चात उनलाई श्रीमानले काठमाण्डौंमा डेरा खोजेर राखेका थिए। श्रीमानको माया तथा खान लाउनको कुनै कमी थिएन। जीवन सुखमय थियो। एक छोरा भई दिएको भए हुन्थ्यो भनेर चिन्ता लाग्थ्यो उनलाई तैपनि दैवको लिला संझेर चित्त बुझाएकी थिईन्। श्रीमानको नाममा नुवाकोटको पिपलटार भन्ने स्थानमा तीन रोपनी जग्गा समेत थियो।

पुतलीको दिनचर्या यसै गरी हाँसीखुशि रमाएरै बिती रहेको थियो त्यसै क्रममा ट्रक दुर्घटनाबाट वि.सं. २०५२ सालमा २८ वर्ष कै अल्पायु मै सुब्बा वस्तीको मृत्यु भयो। श्रीमानको मृत्युपछि पुतलीको जीवन अन्धकार छायो। एक्ली मान्छे बाँच्न धेरै गाह्रो हुन थाल्यो। त्यस माथि तीन जना बच्चाहरु। समयको अगाडि कसैको के लाग्दो रहेछ र। बिचरी पुतली रुँदारुँदै थाकिन् तैपनि हरेश खाईनन्। श्रीमानको मृत्यु पश्चात उनी मुटु रोगबाट लामो समयसम्म थला परिन्।

उनलाई आफन्तहरुले धेरै सहयोग गरे तर पनि अरुले कति दिनसम्म दिन सक्छन र त्यसैले अब उनी आफै केही गर्ने अठोट लिईन्। केही गर्नको लागि साहू महाजनसँग ऋण माग्न गईन् तर बलेको आगो ताप्ने यो दुनियाँमा विचरी ती एक्ली पुतलीलाई कसैले विश्वास गरेनन्। जीवनका ति कहालीलाग्दो दिनहरु सम्झदै गर्दा कति पटक उनी भक्कानिईन्। जसोतसो ज्याला मजदुरी गरेर जीवन कटाई रहिन्। श्रीमान्ले छाडेको अलिकति पैसाले कति दिनलाई पो पुग्थ्यो र? बालबच्चा पनि बोर्डिङ्गबाट छुटाएर स्कूलमा पढाईन्।

समय बित्ने क्रममा निर्धन उत्थान बैक गल्छि शाखाको स्थापना भयो। वि. सं. २०७०।०५।०६ गतेका दिन उनी बैंकको समूहमा आवद्ध भईन्। बैकका कर्मचारीहरुद्वारा ९ दिनसम्म उनीहरुलाई तालिम दिईएको थियो। बैंकको बारेमा राम्रोसँग जानकारी पाएपछि बैंकको सहयोगमा आफ्नो जीवन अगाडि बढाउने र जीवनमा केही गर्ने निधो गरिन्। पुतली वस्तीलाई निर्धन उत्थान बैंकको सहयोगी हातहरु चाहिएको थियो। उनले बैरेनी स्थित आफ्नो घरमा किराना पसल राख्ने विचार गरिन्। त्यसै अनुरुप उनले सुरु गरेको कार्यलाई पैसाको आवश्यकता परेकाले पहिलो कर्जा उनले वि.सं. २०७०।०५।१० गते रु.४०,०००।- लिईन् र त्यो पैसाले किराना पसलको सामान खरिद गरिन्। त्यसबेला उनको समूहमा उनी सहित जम्मा १२ जना थिए। पुनः निर्धन उत्थान बैंक लिमिटेडबाट दोश्रो कर्जा मिति २०७०।११।११ मा पसल विस्तारका

लागि रु.६०,०००।- कर्जा लिईन्। विस्तारै किस्ता तिर्दै गएर आम्दानी भएको रकमले पसललाई थप विस्तार र बचत पनि वृद्धि गर्दै गईन्। त्यसै गरी २०७०।०६।०८ मा उनले मौसमी कर्जा रकम रु.३०,०००।- समेत लिईन्। सानो घुम्ती पसलबाट सुरु गरेको पसल, पुतली वस्तीले आफ्नो पसल विस्तार गरेर ठूलो बनाईन्। त्यसै क्रममा वि.सं. २०७०।०८।०९ मा उनले रु.५०,०००।- समेत कर्जा लिई सकेकीछिन्। यसरी त्यस पसलको आम्दानीबाट उनले दुई छोरीको विवाह समेत गरिन्। जेठी छोरीको एस. एल. सी. सकेर विवाह भयो। माहिली छोरीले १२ कक्षा पास गरिन् र कान्छी छोरीले बि.ए. पढी रहेकीछिन्। उनले छोरीहरुको विवाहमा दुई लाख खर्च गरिन्। पुतली वस्तीले आफ्नै मेहनत र परीश्रमबाट त्यसरी पसल र छोराछोरीको भविष्य बनाएको देखेर गाउँका सबैले सम्मान गर्छन्। निर्धन उत्थान बैंकको सहयोग र आफ्नो कडा मेहनतले रु. ५०,०००।- बराबरको पक्की घर समेत बनाउन सफल भईन्। पुतलीले प्रति दिन खर्च कटाएर रु. ३,०००।- सम्म बचत गर्ने गर्छिन्। हाल उनकी माहिली छोरी उनीसँगै छिन्। उनी पनि निर्धन उत्थान बैंकमा आवद्ध भई ब्यूटी पार्लर संचालन गरी रहेकी छिन्।

पुतली वस्ती गाउँकै नमूना बनेर गाउँमा हुने महिला विरुद्धको हिंसामा लागी परेकी छिन् । महिला सम्बन्धी कार्यक्रम, तालिम तथा गोष्ठीमा उनको सहभागिता हुने गर्दछ ।

अन्त्यमा उनी भन्दछिन् "जीवनमा दुःख जसलाई पनि आउँछ । दुःख आयो भनेर आत्तिनु हुँदैन । दुःखसँग खेल्दै अगाडि बढेमा सफल भईन्छ ।" उनी थप्छिन् - महिलाहरु पनि कुनै पुरुषहरुभन्दा एक्लै अघि बढ्न गाह्रै छ तर पनि अवसरहरुलाई पछ्याउँदै चुनौतीको सामना गर्नु पर्दछ । जब महिलाहरु आर्थिक रुपमा सक्षम हुन्छन् । तब मात्र एक समाज र सिङ्गो राष्ट्र नै विकासको गतिमा लम्कन्छ । "अरुको भर नपरौं आफ्नो खुट्टामा उभिने प्रयास गरौं ।" हरेकसँग केही न केही सीप हुन्छ । आफु भित्रको खुबी पहिचान गरी त्यसको सदुपयोग गरौं । यहि प्रयासमा सहयोग र मेरो जीवनमा आमूल परिवर्तन ल्याउन मद्दत गर्ने निर्धन उत्थान बैंक रहेको छ । यसको लागि उनी बैक प्रति निकै आभार प्रकट गर्दछिन् । यहि समाजका साहूहरुले कुनै दिन उनलाई एक्ली महिला भनेर अन्याय गरेका थिए । उनको दुःख बुझ्री दिने कोही थिएनन् । आज तिनै समाज उनको प्रसंशा गरेर थाक्दैनन् । एकल महिला भएर यति धेरै प्रगति गरेकाले सबै उनलाई गाउँकै प्रेरणाको श्रोत मान्दछन् । आर्थिक अभावमा कष्टपूर्ण तथा अभावग्रस्त जीवनलाई पर धकेल्दै एक सफल व्यवसायी भएकोमा उनी खुशि छिन् । यो खुशिको श्रेय उनी निर्धन उत्थान बैंक लिमिटेडलाई दिन चाहन्छिन् । उनी अझ व्यवसायिक तरिकाले त्यसलाई विस्तार गर्न चाहन्छिन् । बैंकले गरीब, पिडित महिला जो केही गर्न चाहन्छन् तर जोसँग पूँजी छैन त्यसलाई अझ सहयोग गरोस् भन्ने आशा राख्छिन् । धितो कर्जाको रकम अझ बढाई दिएको भए हुन्थ्यो भन्ने उनी बैंक समक्ष आशा राख्दछिन् ।

राहत वितरण

मिति २०७२ बैशाख १२ गतेको दिन देशमा आएको विनाशकारी महाभूकम्प र त्यसपछिका पटक पटकका कम्पनले पुऱ्याएको अपुरणिय मानविय तथा भौतिक क्षति पुऱ्याएको छ ।

बैंकले महाभूकम्प प्रभावित शाखाहरुका सदस्यहरुको मानविय संवेदना बुझ्न घरदैलो भेटघाट गरिएको थियो । भूकम्पले क्षति पुऱ्याएका ग्राहक सदस्यहरुको घरदैलोमा केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय र शाखा कार्यालयका कर्मचारीहरु पुगेका थिए । बैंकका कर्मचारीहरु घरदैलोमा पुगेर ग्राहक सदस्यहरु भेटघाट गर्नुका साथसाथै ग्राहक सदस्यहरुको मानविय क्षति तथा भौतिक क्षतिको बारेमा बुझ्केका थिए । यस्तो विपत्तिको घडीमा ग्राहक सदस्यहरुको घरदैलोमा पुग्दा ग्राहक सदस्यहरु खुशि अभिव्यक्त गरेका थिए ।

यस महाभूकम्पमा प्रभावित बैंकको कार्य क्षेत्र भित्रका ग्राहक सदस्यलहरुलाई राहत स्वरुप बैंकको तर्फबाट रु. ८० (असी) लाख रुपैयाँ तथा "प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोष"मा बैंकको तर्फबाट रु. १ लाख १ हजार र यस बैंकमा कार्यरत कर्मचारीहरुको तर्फबाट रु. ६ लाख ५४ हजार प्रदान गर्ने निर्णय भएको थियो ।

यस महाभूकम्पमा प्रभावित काठमाण्डौं क्षेत्रीय कार्यालय अन्तर्गत दक्षिणकाली शाखा, रामकोट शाखा, गागलफेदी शाखा, ठेचो शाखा, टिकाथली शाखा, छालिङ शाखा, नवलपुर शाखा, जेठल शाखा, नाम्दु शाखा, त्रिपुरेश्वर शाखा, गल्छी शाखा, ढिकुर शाखा, छत्रेबाभ्म शाखाका ४,२३३ जनालाई राहत वितरण गरिएको थियो ।

त्यसै गरी महाभूकम्पमा प्रभावित भैरहवा क्षेत्रीय कार्यालय अन्तर्गत बाँसटारी शाखा, जब्गादी शाखा, आर्यभज्याङ्ग शाखा, छहरा शाखाका ४४ जनालाई राहत वितरण गरिएको थियो ।

त्यसै गरी महाभूकम्पमा प्रभावित बिरगंज क्षेत्रीय कार्यालय अन्तर्गत हेटौडा शाखा, सिम्रौनगढ शाखा, चन्द्रनिगाहपुर शाखाका ५२ जनालाई राहत वितरण गरिएको थियो ।

त्यसै गरी महाभूकम्पमा प्रभावित पोखरा क्षेत्रीय कार्यालय अन्तर्गत पोखरा शाखा, गल्कोट शाखा, बाबियाचौर शाखा, वालिङ्ग शाखा, पातिचौर शाखा, बुर्तिबाङ्ग शाखा, दुलेगौंडा शाखा, गल्याङ्ग शाखा, राहाले शाखा, पुतलीबजार शाखाका २४३ जनालाई राहत वितरण गरिएको थियो ।

त्यसै गरी महाभूकम्पमा प्रभावित बिर्तामोड क्षेत्रीय कार्यालय अन्तर्गत हिले शाखा, खाँदबारी शाखा, ईलाम शाखा, रवि शाखा, याशोक शाखा, सुरुङ्गा शाखाका १८ जनालाई राहत वितरण गरिएको थियो ।

त्यसै गरी महाभूकम्पमा प्रभावित भरतपुर क्षेत्रीय कार्यालय अन्तर्गत टाँडी शाखा, दलदले शाखा, मुग्लिङ्ग शाखा, भण्डारा शाखाका ३२९ जनालाई राहत वितरण गरिएको थियो ।

त्यसै गरी महाभूकम्पमा प्रभावित बर्दिबास क्षेत्रीय कार्यालय अन्तर्गत साँघुटार शाखा, खुर्कोट शाखा, खोटाङ शाखा, ओखलढुङ्गा शाखाका ७०७ जनालाई राहत वितरण गरिएको थियो ।

७ क्षेत्रीय कार्यालय अन्तर्गत ४४ वटा शाखाहरुका ५,६२६ जना ग्राहक सदस्यहरुलाई राहत वितरण गरिएको थियो ।

बर्दिबास क्षेत्रीय कार्यालय अन्तर्गत शाखामा राहत वितरण

२०७२ साल बैशाख १२ गतेको भूकम्पले बैंकको क्षेत्रीय कार्यालय बर्दिबास मातहत पर्ने सिन्धुली, रामेछाप खोटाङ्ग र ओखलढुङ्गाका शाखा अन्तर्गत यस बैंकमा आवद्ध भएका सदस्यहरुको घर भत्किएर खान र बस्न समस्या भएको जानकारी लिन साथ बर्दिबास क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रमुखको नेतृत्वमा राहत वितरण गर्न भूकम्प प्रभावित क्षेत्र सिन्धुलीको खुर्कोट शाखा र रामेछापको साँघुटार शाखा पुगी भूकम्प पिडित बैंकका सदस्यहरु ७०५ जनालाई रु. ८,४६,०००।- नगद सम्बन्धित महिला समूहमा नै अभिभावक तथा गाउँका स्थानीय बुद्धिजिविहरुको उपस्थितिमा वितरण गरिएको थियो । सोही अवसरमा भूकम्प पिडित सदस्यले यस्तो विषम परिस्थितिमा बैंकले आएर सहयोग गर्दा साक्षात भगवान नै आएको महसुस भएको बताए । सोही अवसरमा क्षेत्रीय प्रमुख श्री परमेश्वर चौधरीले बैंक नाफामुखी मात्र नभएर सेवामुखी भएको बताउँदै विपत्तिको समयमा सहयोग गर्नु बैंकको सामाजिक दायित्व भएको यसबाट बैंक कहिल्यै पछि नहटने बताउनु भयो । स्थानीय बुद्धिजिवि श्री सुरेश प्रसाद पोख्रेलले बैंकले सहयोग गरेकोमा धन्यवाद दिंदै बैंकहरु नाफामुखी हुने भए पनि निर्धन उत्थान बैंकले गरेको सहयोगको प्रसंशा गरेका थिए ।

शाखा उद्घाटन

बैंकको क्षेत्रीय कार्यालय बर्दिबास अन्तर्गत मिति २०७२।०२।२७ गते सिरहा जिल्लाको बन्दिपुरमा शाखा कार्यालय बन्दिपुर, मिति २०७२।०२।२८ गते सर्लाही जिल्लाको चौलिखामा शाखा कार्यालय चौलिखा, मिति २०७२।०२।३१ गते सप्तरी जिल्लाको बोदेबर्साईनमा शाखा कार्यालय बोदेबर्साईन, मिति २०७२।०३।१४ गते सोलुखुम्बु जिल्लाको सल्लेरीमा शाखा कार्यालय सल्लेरी, मिति २०७२।०३।२५ गते सिरहा जिल्लाको चोहर्वामा शाखा कार्यालय चोहर्वाको क्षेत्रीय प्रमुख श्री परमेश्वर चौधरीले उदघाटन गर्नु भएको थियो । सोही अवसरमा शाखाका सदस्यहरुलाई क्षेत्रीय प्रमुखले प्रथम कर्जा वितरण गरी शाखाको औपचारिक रुपमा शुभारम्भ गर्दै कर्जाको सही सदुपयोग गरी आफ्नो जीवन स्तर उकास्ने गरी कार्य गर्न आग्रह गर्नु भएको थियो । कार्यक्रममा क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री बिमल खनाल र कार्यक्रम अधिकृत श्री सिताराम पंडितले बैंकको प्रगती विवरण तथा उद्देश्यको बारेमा प्रकाश पार्नु भएको थियो । सम्बन्धित शाखाका शाखा प्रमुखहरुले आफ्नो शाखाको कार्य क्षेत्र तथा बैंकका सेवाहरुका बारेमा बताउनु भएको थियो । बन्दिपुरमा सहायक श्री भाष्कर लुँईटेल, सल्लेरी शाखामा श्री प्रकाश हमाल, चौलिखामा श्री उद्धव दाहाल, बोदेबर्साईनमा श्री राज किशोर यादव, चोहर्वामा श्री मुकेश गुप्ताले कार्यक्रम संचालन गर्नु भएको थियो । कार्यक्रम बैंक कै शाखा कार्यालय रहेको प्राङ्गणमा सम्पन्न गरिएको थियो ।

शाखा सल्लेरीको पानसमा दियो बालेर शाखा उदघाटन गर्दै क्षेत्रीय प्रमुख श्री परमेश्वर चौधरी

हुम्लाको सिमीकोटमा बैंकको शाखा

२०७२ असोज ८ गते बैंकको शाखा कार्यालय सिमीकोट, हुम्लाको उद्घाटन तथा प्रथम कर्जा वितरण कार्यक्रम सम्पन्न भएको थियो । बैंकका सदस्य श्री बाचु शाहीको सभापतित्व तथा बीरेन्द्रनगर क्षेत्रीय कार्यालयका प्रमुख श्री विजय कुमार घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा विभिन्न दलका प्रतिनिधि, सरकारी कार्यालयका प्रमुख, स्थानीय बुद्धिजिवि समाजसेवी, समूहका सदस्यहरु, बैकका कर्मचारीहरु गरी ७५ जनाका उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा प्रथम कर्जाका रुपमा बुरौसे-क समूह र बुरौसे-ख समूह गरी २ वटा समूहका ५ जनालाई ४०, ४० हजारका दरले २ लाख कर्जा वितरण भएको थियो ।

उक्त अवसर उपस्थित अतिथिहरुले शुभकामना मन्तव्यका क्रममा हुम्ला जस्तो विकट ठाउँमा लघुवित्त सेवा पाउनु यहाँका दिदीबहिनीहरुका लागि ठूलो अवसर रहेको कुरा अवगत गराउँदै कर्जाको सही सदुपयोग गरी आर्थिक उपार्जन गर्नु पर्ने कुरामा जोड दिदैं बैंकलाई आवश्यक पर्ने सहयोगका लागि सँधै तयार रहेको कुरा अवगत गराएका थिए ।

शाखाका शाखा प्रमुख श्री रमेश आचार्यले शाखाको गतिविधि, कार्य क्षेत्र तथा आगामी रणनीतिका बारेमा बताउनु भएको थियो भने क्षेत्रीय प्रवन्धक श्री विजय कुमार घिमिरेले बैकको इतिहास, लघुवित्त तथा यसका सेवा सुविधा, बैकको प्रगति विवरण, कर्जाको सही सदुपयोगका बारेमा बताउनु भएको थियो ।

२०७२ बैशाखदेखि ३ जना कर्मचारी पुगी २०७२ भाद्र मसान्तसम्ममा शाखाले २ वटा गा.वि.स.मा १६ वटा स्वावलम्वी महिला समूह विस्तार गरेको छ । बैंकले सिमीकोट गा.वि.स.मा १५६ जना र डाडाफया गा.वि.स.मा ९३ जना गरी कूल २४९ जना विपन्न घरपरिवारहरुलाई लघुवित्त कार्यक्रममा संलग्न गराएको छ । बैंकले निकट भविष्यमा नै हुम्ला जिल्लाको बरगाउँ र छिप्रा गा.वि.स.मा पनि कार्यक्रम विस्तार गर्ने योजना रहेको छ ।

मुगुको गमगढीमा बैंकको नयाँ शाखा

२०७२ असोज १५ गते बैंकको शाखा कार्यालय, गमगढी, मुगुको उद्घाटन तथा प्रथम कर्जा वितरण कार्यक्रम सम्पन्न भएको थियो । बैंकका समूह अध्यक्ष श्री विष्णुमाया शाहीको सभापतित्व, निमित्त प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी भट्टराई तथा बैंकको बीरेन्द्रनगर क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रमुख श्री विजय कुमार घिमिरेको आतिथ्यमा सम्पन्न भएको थियो । साथै कार्यक्रमको उदघाटन सो जिल्लाको निमित्त प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी भट्टराई, बीरेन्द्रनगर क्षेत्रीय कार्यालयका प्रमुख श्री विजय कुमार घिमिरेबाट संयुक्त रुपमा भयो । उक्त कार्यक्रममा विभिन्न दलका प्रतिनिधि, सरकारी कार्यालयका प्रमुख, स्थानीय बुद्धिजिवि समाजसेवी, समूहका सदस्यहरु, बैंकका कर्मचारी गरी कूल १३७ जनाका उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा चैना महिला स्वावलम्वी समूहका ३ जनालाई रु. ११०,००० वितरण गरिएको थियो ।

उक्त अवसरमा निमित्त प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी भट्टराईले

लक्ष्मीको हातबाट लक्ष्मी वितरण गरिएकाले यसले शुभ हुनेछ भन्दै कर्जाको सही सदुपयोग गरी आर्थिक उन्नती गरी यथासमयमा नै किस्ता तिर्नका लागि आग्रह गर्नु भएको थियो । उक्त कार्यक्रममा निमित्त स्थानीय विकास अधिकारी, उद्योग वाणिज्य संघका उपाध्यक्ष साथै अन्य अतिथिले शुभकामना मन्तव्यका क्रममा मुगुलाई कार्य क्षेत्र बनाएर आउनु भएकोमा निर्धन उत्थान बैंकलाई धन्यवाद दिदैं उत्तरोत्तर प्रगतिको कामना गर्नु भएको थियो ।

शाखाका प्रमुख श्री शेखर पौडेलले शाखाको गतिविधि, कार्य क्षेत्र तथा आगामी रणनीतिका बारेमा बताउनु भयो भने क्षेत्रीय कार्यालयबाट पाल्नु भएका श्री विजय कुमार घिमिरेले बैंकको इतिहास, लघुवित्त तथा यसका सेवा सुविधा, बैंकको प्रगति विवरण, कर्जाको सही सदुपयोग गरी व्यवसायिक कृषि गर्नु पर्ने बारेमा बताउनु भएको थियो ।

२०७२ बैशाखदेखि ३ जना कर्मचारी पुगी २०७२ भदौ मसान्तसम्ममा शाखाले ३ वटा गा.वि.स.मा १४ वटा स्वावलम्वी समूह विस्तार गरेको छ। बैंकले श्रीनगर गा.वि.स.मा ११३ जना र रुगा गा.वि.स.मा १३ जना र कार्कीवाडा गा.वि.स.मा १०५ जना गरी कूल २३१ जना विपन्न घरपरिवारहरुलाई लघुवित्त कार्यक्रममा संलग्न गराएको छ। बैंकले निकट भविष्यमा रोवा र पिना गा.वि.स.का कार्यक्रम विस्तार गर्ने योजना रहेको छ ।

मुस्ताङ्गको घाँसामा बैंकको नयाँ शाखा

बैंकले मुस्ताङ्ग जिल्लाको घाँसामा पनि नयाँ शाखा कार्यालय उदघाटन तथा प्रथम कर्जा वितरण कार्यक्रम सम्पन्न भएको छ । बैंकका सदस्य केन्द्र प्रमुख श्री यम कुमारी गौचनको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि, इलाका प्रहरी कार्यालयका कार्यालय प्रमुख , स्थानीय मुखियाहरु, शिक्षकहरु र विभिन्न केन्द्रका सदस्यहरु, अभिभावक, कर्मचारी गरी कूल ७१ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा टिटि केन्द्रका २ जना सदस्यहरुलाई रु ७०,०००।- कार्यक्रमको सभापति श्री यम कुमारी गौचन र क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्यौपानेले कर्जा वितरण गर्नु भएको थियो ।

शाखाका शाखा प्रमुख श्री सन्तोष राज पन्तले शाखाको भावि कार्यक्रम, शाखाले समेटन सक्ने क्षेत्रका साथै हालसम्म भए गरेका कार्यको बारेमा संक्षित जानकारी दिनु भएको थियो । उक्त कार्यक्रममा कार्यक्रम अधिकृत श्री महेन्द्र बहादुर कुवँर, प्रमुख अतिथि तथा क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्यौपानेले मन्तव्य दिनु भएको थियो ।

यस शाखाले २०७२ भाद्र मसान्तसम्म ७ वटा स्वावलम्वी समूहहरुमा ९८ जना महिलाहरुलाई समावेश गराएको छ । हालसम्म शाखाले मुस्ताङ्ग जिल्लाका लेते, कुन्जो, कोवाङ्ग र टुकुचेमा स्वावलम्वी समूहहरु बनाई सकेको र म्याग्दी जिल्लाका दाना, नार्च्याङ्ग र भुरुङ्ग तातोपानी गा.वि.स.हरुमा प्रचारप्रसार गर्ने कार्य गरिरहेको छ ।

मनाङको चामेमा बैंकको नयाँ शाखा

बैंकले मनाङ जिल्लाको चामेमा पनि नयाँ शाखा कार्यालय उदघाटन तथा प्रथम कर्जा वितरण कार्यक्रम सम्पन्न भएको छ । बैंकको थानचोक महिला समूहका सदस्य केन्द्र प्रमुख श्री निर्मला गुरुङको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि, विभिन्न लघुवित्त संस्थाका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालयका कार्यालय प्रमुख र विभिन्न केन्द्रका सदस्यहरु, अभिभावक, कर्मचारी गरी कूल ४१ जनाको उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा प्रमुख अतिथिको रुपमा जिल्ला विकास समिति मनाङका स्थानीय विकास अधिकारी श्री गोपाल प्रसाद अर्यालले पानसमा बत्ती बाली विधिवत रुपमा शाखाको उदघाटन गर्नुभएको थियो । बैंकको क्षेत्रीय कार्यालय, पोखराका क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्यौपानेले थानचोक स्वावलम्वी महिला समूहका ६ सदस्यहरुलाई रु. २,२५,०००।- कर्जा वितरण गर्नु भएको थियो ।

शाखाका शाखा प्रमुख श्री नबिन गुरुङले शाखाको भावि कार्यक्रम, शाखाले समेटन सक्ने क्षेत्रका साथै हालसम्म भए गरेका कार्यको बारेमा संक्षित जानकारी दिनु भएको थियो । उक्त कार्यक्रममा बैंकका कार्यक्रम अधिकृत श्री महेन्द्र बहादुर कुवँर, क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्यौपानेले मन्तव्य दिनु भएको थियो ।

शाखाले २०७२ असोज १५ गतेसम्म ११ वटा स्वावलम्वी समूहहरुमा १४६ जना महिलाहरु समावेश गराई सकेको छ । बैंकको चामे शाखाले मनाङ जिल्लाका चामे, धारापानी, थोचे र बगरछाप गा.वि.स.हरुलाई कार्य क्षेत्र बनाई कार्यक्रम संचालन गरी रहेको छ ।

शाखा कार्यालय चामेको पानसमा बत्ती बाली उद्घाटन गर्दै स्थानीय विकास अधिकारी श्री गोपाल प्रसाद अर्याल

शाखा परिचय (नियमित स्तम्भ)

आर्यभञ्ज्याङ्ग शाखा बैंकको क्षेत्रीय कार्यालय भैरहवा अन्तर्गत पाल्पा जिल्लाको नायर नमतलेस गा.वि.स. वडा नं. ५ मा स्वावलम्वी समूह बैंकिङ्ग पद्धति अनुसार संचालनमा रहेको छ। यो शाखा क्षेत्रीय कार्यालय भैरहवाबाट पाल्पा जिल्लाको झुम्सा, केराबारी, बर्तुङ्ग हुँदै आर्यभञ्ज्याङ्ग पुग्न सकिन्छ। यो शाखा तानसेनबाट १८ किलोमिटर पूर्वमा पर्दछ। २०६० कार्तिक १० गते शाखाको उदघाटन भएको थियो। शाखामा हाल शाखा प्रमुख श्री कमल राज ज्ञवाली, लेखापाल श्री गंगा प्रसाद पोखरेल, सहायक श्री टंक प्रसाद न्यौपाने र सहायक श्री प्रभा राना क्षेत्री गरी ४ जना मात्र कर्मचारी कार्यरत रहेका छन्।

आर्यभञ्ज्याङ्ग शाखामा कार्यरत कर्मचारीहरु

यस शाखाले पाल्पा जिल्लाको नायर नमतलेस, चिदिपानी, पिपलडाँडा, खानीछाप, पोखराथोक, चिर्तुङ्गधारा, हुमिन, ताहुँ, फोक्सिङ्गकोट, दर्लमडाँडा, रुप्से, देवीनगर गा.वि.स.लाई आफनो कार्य क्षेत्र बनाई कार्यक्रम संचालन गरी रहेको छ।

मिति २०७२ आश्विन मसान्तसम्म कूल ९६ वटा स्वावलम्वी समूहहरुमा १,४९५ जना सदस्यहरु रहेका छन्। १,०१४ जना ॠणी (६७.८३ प्रतिशत) लाई रु. २३,८९,४४,१००।- कर्जा वितरण भएको छ। २०७२ आश्विनसम्ममा लगानीमा रहेको कर्जा रु. ४,२०,०८,१४७।- रहेको छ। यस शाखामा बचत कूल रु. ५,१०,९७,२०४।- रहेको छ। यस शाखाले सर्वसाधारणहरुको बचत तथा निक्षेप रु. ३,५५,६५,२८७।- संकलन गर्न सफल भएको छ।

यस शाखाका शाखा प्रमुख श्री कमल राज ज्ञवाली भन्नुहुन्छ- "यस शाखाले आ.व. २०७१/०७२ को आषाढ मसान्तसम्ममा रु.२०,४७,४३६।३५ नाफा गरेको छ। २०७२ आश्विन मसान्तसम्म ६,६२,६९१।- नाफा गर्न सफल भएको छ।"

यस आर्यभञ्ज्याङ्ग शाखाका शाखा प्रमूख श्री कमल राज ज्ञवाली भन्नुहुन्छ -"यस शाखाले लगानीमा रहेको कर्जा भन्दा पनि बचत संकलन बढी गर्न सफल भएको छ। शाखाको कर्मचारीहरुको मेहनत, परिश्रमले गर्दा शाखा यो अवस्थामा आई पुग्न सफल भएको छ।"

बैंकद्वारा आन्तरीक (In-House) रुपमा संचालित तालिमहरू:

दोश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम:- बैंकको काठमाण्डौं स्थित केन्द्रीय कार्यालयमा मिति २०७१ फाल्गुण १० गते नियुक्ति लिन बोलाईएका ३६ जना मध्ये २६ जना तालिमे सहायकहरुलाई मिति २०७२ बैशाख २७ गतेदेखि २९ गतेसम्म **"दोश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम"** संचालन गरिएको थियो। प्रथम चरणको कक्षागत पूर्व सेवाकालीन तालिममा ३४ जनाको सहभागिता रहेको थियो।

त्यसै गरी मिति २०७२ फाल्गुण १३ गते नियुक्ति लिन बोलाईएका ३६ जना मध्ये २८ जना तालिमे सहायकहरुलाई मिति २०७२ जेष्ठ १२ गतेदेखि १४ गतेसम्म दोश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम संचालन गरिएको थियो। प्रथम चरणको कक्षागत पूर्व सेवाकालीन तालिममा ३३ जनाको सहभागिता रहेको थियो।

त्यसै, गरी मिति २०७२ फाल्गुण १७ गते नियुक्ति लिन बोलाईएका ३५ जना मध्ये १७ जना तालिमे सहायकहरुलाई मिति २०७२ जेष्ठ १७ गतेदेखि १९ गतेसम्म दोश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम संचालन गरिएको थियो। प्रथम चरणको कक्षागत पूर्व सेवाकालीन तालिममा २२ जनाको सहभागिता रहेको थियो।

तेश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम:- बैंकको काठमाण्डौं स्थित केन्द्रीय कार्यालयमा मिति २०७१ पौष १ गते नियुक्ति लिन बोलाईएका ४० जना मध्ये ३२ जना तालिमे सहायकहरुलाई मिति २०७२ जेष्ठ २४ गतेदेखि २६ गतेसम्म **"तेश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम"** संचालन गरिएको थियो। प्रथम चरणको कक्षागत पूर्व सेवाकालीन तालिममा ४० जनाको सहभागिता रहेको थियो भने दोश्रो चरणको कक्षागत तालिममा ३३ जनाको सहभागिता रहेको थियो।

त्यसै गरी मिति २०७१ पौष ४ गते नियुक्ति लिन बोलाईएका ४० जना मध्ये २६ जना तालिमे सहायकहरुलाई मिति २०७२ जेष्ठ २७ गतेदेखि २९ गतेसम्म **"तेश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम"** संचालन गरिएको थियो। प्रथम चरणको कक्षागत पूर्व सेवाकालीन तालिममा ३७ जनाको सहभागिता रहेको थियो भने दोश्रो चरणको कक्षागत तालिममा ३२ जनाको सहभागिता रहेको थियो।

त्यसै गरी मिति २०७१ पौष ८ गते नियुक्ति लिन बोलाईएका ४० जना मध्ये २७ जना तालिमे सहायकहरुलाई मिति २०७२ जेष्ठ ३१ गतेदेखि २०७२ आषाढ १ गतेसम्म **"तेश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम"** संचालन गरिएको थियो। प्रथम चरणको कक्षागत पूर्व सेवाकालीन तालिममा ३८ जनाको सहभागिता रहेको थियो भने दोश्रो चरणको कक्षागत तालिममा ३६ जनाको सहभागिता रहेको थियो।

त्यसै गरी मिति २०७१ पौष ११ गते नियुक्ति लिन बोलाईएका ४० जना मध्ये ३४ जना तालिमे सहायकहरुलाई मिति २०७२ आषाढ २ गतेदेखि ४ गतेसम्म **"तेश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम"** संचालन गरिएको थियो। प्रथम चरणको कक्षागत पूर्व सेवाकालीन तालिममा ४० जना र दोश्रो समूहका १ जना गरी ४१ जनाको सहभागिता रहेको थियो भने दोश्रो चरणको कक्षागत तालिममा ३८ जनाको सहभागिता रहेको थियो।

त्यसै गरी मिति २०७१ पौष १६ गते नियुक्ति लिन बोलाईएका ४० जना मध्ये २८ जना तालिमे सहायकहरुलाई मिति २०७२ आषाढ १६ गतेदेखि १८ गतेसम्म **"तेश्रो चरणको कक्षागत पूर्व सेवाकालीन तालिम"** संचालन गरिएको थियो। प्रथम चरणको कक्षागत पूर्व सेवाकालीन तालिममा ३८ जनाको सहभागिता रहेको थियो भने दोश्रो चरणको कक्षागत तालिममा ३५ जनाको सहभागिता रहेको थियो।

त्यसै गरी पौष २० गते नियुक्ति लिन बोलाईएका ४४ जना र तेश्रो समूहका १ जना गरी ४५ जना मध्ये ४१ जना तालिमे सहायकहरुलाई मिति २०७२ श्रावण ३ गतेदेखि ५ गतेसम्म

"तेश्रो चरणको कक्षागत पूर्व सेवाकालिन तालिम" संचालन गरिएको थियो । प्रथम चरणको कक्षागत पूर्व सेवाकालीन तालिममा ४५ जनाको सहभागिता रहेको थियो भने दोश्रो चरणको कक्षागत तालिममा ४२ जनाको सहभागिता रहेको थियो ।

आधारभुत सचिवालय सीप तथा लेखा अभिलेख तालिम:- बैंकको आयोजनामा मिति २०७२ श्रावण १८ गतदेखि २२ गतेसम्म केन्द्रीय कार्यालयमा **"आधारभुत सचिवालय सीप तथा लेखा अभिलेख तालिम"** संचालन भएको थियो ।

उक्त तालिममा धकधई शाखाका वरिष्ठ सहायक श्री टिकाराम बश्याल, टिकापुर शाखाका वरिष्ठ सहायक श्री प्रमिला शर्मा, चनौली शाखाका वरिष्ठ सहायक श्री सरिता ज्ञवाली, बेलाटारी शाखाका वरिष्ठ सहायक श्री शशि थापा मगर, गन्जभवानीपुर शाखाका वरिष्ठ सहायक श्री ओम प्रकाश हरिजन, भण्डारा शाखाका वरिष्ठ सहायक श्री तुल्सी डुम्रे, नवलपुर शाखाका वरिष्ठ सहायक श्री पुरुषोत्तम खनाल, बाँसटारी शाखाका वरिष्ठ सहायक श्री प्रतिमा खनाल, बोदेबसाईन शाखाका वरिष्ठ सहायक श्री दु:खा राय यादव, कन्चनपुर शाखाका वरिष्ठ सहायक श्री कामेश्वर प्रसाद कुशवाहा, सिम्रौनगढ शाखाका सहायक श्री रमेश प्रसाद चौहान, चोहर्वा शाखाका सहायक श्री मुकेश गुप्ता, बिराटनगर शाखाका सहायक श्री ईन्दीरा सिग्देल, ईलाम शाखाका सहायक श्री मैयाँ राई, मुग्लिङ्ग शाखाका सहायक श्री मन्जु पंगेनी, परसपुर शाखाका सहायक श्री दिपेन्द्र कुमार चौधरी, तुल्सीपुर शाखाका सहायक श्री गोपाल शर्मा, राजापुर शाखाका सहायक श्री दिप कुमार चौधरी, राफ्रां शाखाका सहायक श्री कमला कुमारी थापा, सितलनगर शाखाका सहायक श्री हिमाल सुवेदी, मसुरिया शाखाका सहायक श्री दिलिप रेग्मी, बन्दिपुर शाखाका सहायक श्री भाष्कर लुंईटेल, पुतलीबजार शाखाका सहायक श्री लाल बहादुर कार्की, र वीरेन्द्रनगर शाखाका सहायक श्री रेखा रिजाल गरी कूल २४ कर्मचारीहरुको सहभागिता रहेको थियो ।

Web Base Mfin Training : बैंकको आयोजनामा मिति २०७२ श्रावण २३ गतेदेखि २४ गते सम्म केन्द्रीय कार्यालयमा **"Web Base Mfin Training"** संचालन भएको थियो ।

उक्त तालिममा चनौली शाखाका वरिष्ठ सहायक श्री सरिता ज्ञवाली, भण्डारा शाखाका वरिष्ठ सहायक श्री तुल्सी डुम्रे, गल्छी शाखाका वरिष्ठ सहायक श्री आशिष श्रेष्ठ, नवलपुर शाखाका वरिष्ठ सहायक श्री पुरुषोत्तम खनाल, ढिकुरे शाखाका सहायक श्री नारायण प्रसाद आचार्य, छत्रेबाँफ शाखाका सहायक श्री पार्वता शर्मा, रामकोट शाखाका सहायक श्री बिष्णु प्रसाद अधिकारी, दक्षिणकाली शाखाका सहायक श्री रमा पाठक, गागलफेदी शाखाका सहायक श्री लक्ष्मण कार्की, ठेचो शाखाका सहायक श्री विश्वमणि कोईराला, टिकाथली शाखाका सहायक श्री रुबिना राउत, छालिङ्ग शाखाका सहायक श्री मिना देवी न्यौपाने, जेठल शाखाका सहायक श्री नवराज भट्टराई, त्रिपुरेश्वर शाखाका सहायक श्री राजेश तामाङ्ग, पालुङ्ग शाखाका सहायक श्री कृपा पौडेल, टाँडी शाखाका सहायक श्री मथुरा शर्मा, भरतपुर शाखाका सहायक श्री गीता महतो, दलदले शाखाका सहायक श्री सन्तोष कुमार आचार्य, मुग्लिङ्ग शाखाका सहायक श्री मन्जु पंगेनी र माडी शाखाका सहायक श्री सरोज कुमार चौधरी गरी कूल २० जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

लघुउद्यम विकास तालिम:- बैंकको क्षेत्रीय कार्यालय भरतपुरको आयोजनामा मिति २०७२ आश्विन ११ गतदेखि १३ गतेसम्म चितवनमा **"लघुउद्यम विकास तालिम"** संचालन भएको थियो ।

उक्त तालिममा भैरहवा शाखाका सहायक श्री बासुदेव शर्मा, भरतपुर शाखाका सहायक श्री गीता महतो, बिरुवागुठी शाखाका सहायक श्री रमेश प्रसाद चौहान, परवानीपुर शाखाका सहायक श्री अशोक कुमार हरिजन, चन्द्र निगाहपुर शाखाका सहायक श्री उपेन्द्र पण्डित, हेटौंडा शाखाका सहायक श्री सुनिल पौडेल, सितलनगर शाखाका सहायक श्री लक्ष्मी तिमिल्सेना, रामापुर शाखाका सहायक श्री रमा शर्मा, कोटिहवा शाखाका सहायक श्री शुभलक्ष्मी मोक्तान (लामा), बुटवल शाखाका सहायक श्री दिपा पाण्डे, ईमिलिया शाखाका सहायक श्री अमृता कोईराला, छहरा शाखाका सहायक श्री विशाल लुङ्गेली, जोहाङ्ग शाखाका सहायक श्री शान्ति खराल, जब्गादी शाखाका सहायक श्री नवराज अर्याल, माडी शाखाका सहायक श्री सरोज चौधरी, भण्डारा शाखाका सहायक श्री चन्द्रिका रिमाल, टाँडी शाखाका सहायक श्री माधव ज्ञवाली, चनौली शाखाका सहायक श्री गंगा अर्याल, दलदले शाखाका सहायक श्री अनिता खराल, मुग्लिङ्ग शाखाका सहायक टिकाराम पाण्डे, छत्रेबाँफ शाखाका सहायक श्री उमेश पोखेल, ढिकुरे शाखाका सहायक श्री नारायण प्रसाद आचार्य गरी कूल २२ जना तालिमे सहायक कर्मचारीहरुको सहभागिता रहेको थियो ।

राष्ट्रिय स्तरमा संचालित तालिम तथा गोष्ठी:

Seminar on Innovative Development Finance for Sustainability:- National College, काठमाडौंको आयोजनामा मिति २०७२ भाद्र ४ गते काठमाडौंमा **"Innovative Development Finance for Sustainability"** विषयक कार्यक्रममा संचालन भएको थियो ।

उक्त तालिममा केन्द्रीय कार्यालय संचालन विभागका विभागिय प्रमुख वरिष्ठ व्यवस्थापक श्री लेखनाथ न्यौपाने तथा योजना, अनुगमन तथा अनुसन्धान विभागका व्यवस्थापक श्री ईश्वर आत्रेय सहभागी हुनु भएको थियो ।

Instilling Ethical Culture for Better Workplace:- Ascent Consultancy Serviecs, Tripureshwor, Kathmandu Nepal को आयोजनामा मिति २०७२ आश्विन १० गते काठमाडौंमा **"Instilling Ethical Culture for Better Workplace"** विषयक कार्यक्रम सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा केन्द्रीय कार्यालय तालिम तथा विकास विभागका व्यवस्थापक श्री कल्पना गौतम सहभागी हुनु भएको थियो ।

अन्तराष्ट्रिय स्तरमा संचालित तालिम:

The Boulder Microfinance Training Programme:- International Training Centre of the International Labour Organization (ILO), Turin, Italy को आयोजनामा मिति २०७२ श्रावण ४ गतेदेखि २२ गतेसम्म (July 20 –August 7, 2015) ईटलीको टुरिनमा सम्पन्न **"The Boulder Microfinance Training Programme"** मा यस बैंकको तर्फबाट योजना, अनुगमन तथा अनुसन्धान विभागका का.मु. वरिष्ठ व्यवस्थापक श्री मनोज कुमार यादव सहभागी हुनु भएको थियो ।

शोक पुस्तिकामा डा. पन्तज्यू

नेपालका लघुवित्तका पिता, मौद्रिक अर्थशास्त्री, नेपाल राष्ट्र बैंकका पूर्व डेपुटि गभर्नर, यस बैंकका संस्थापक, कार्यकारी संचालक डा. हरिहर देव पन्तज्यूको मिति २०७२ भाद्र महिनाको २१ गतेका दिन असमायिक स्वर्गारोहण भएको थियो । मिति २०७२ भाद्र २२ गतेका दिन बैंकका संचालक समितिका अध्यक्ष श्री गणेश बहादुर थापा, संचालकहरु, नायब महाप्रवन्धक, सहायक महाप्रवन्धक लगायत सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा केन्द्रीय कार्यालयमा श्रद्धान्जली कार्यक्रम आयोजना गरियो । केन्द्रीय कार्यालयमा १३ दिनसम्म शोक पुस्तिका राखिएको थियो ।

नेपालका पूर्व अर्थ मन्त्री डा. श्री राम शरण महतले लेख्नु भएको छ । "Shocked to hear Dr. Harihar Dev Pant's death. He devoted last 25 years promoting microfinance. He was truly its pioneer and father in Nepal."

शोक पुस्तिकामा नेपालका पूर्व अर्थ मन्त्री श्री प्रकाश चन्द्र लोहनीले लेख्नु भएको छ - "Dr. Pant will always be remembered as a person who started the movement to help the poor and the downtrodden in our country. Nirdhan Bank is his creation and this institution is now a leading source of finance for the poor all over the country." I have known Hariharji for many years. Always smiling and dedicated in his work he was the top professional and a good human being."

शोक पुस्तिकामा पूर्व गभर्नर तथा यस बैंकका अध्यक्ष श्री गणेश बहादुर थापाले लेख्नु भएको छ - "Dr. Harihar Dev was second to none in the field of microfinance. He started and led the microfinance movement in Nepal most successfully."

बंगलादेशका ग्रामीण ट्रष्टका Managing Direcator Professor H.I. Latifee भन्नु भएको छ -"We are very shocked to hear the news of the death of our long time great friend Dr. H.D. Pant. With his demise we have lost a person who strongly believed in the power of microcredit and did everything possible on his part to strengthen the microcredit movement. It is very difficult to believe that this wonderful human being who is the pioneer of microcredit in Nepal could leave us so early. He was a person with so much dedication to the cause of poverty alleviation that he started NIRDHAN as a Grameen Bank replication and established NIRDHAN UTTHAN BANK for empowerment of the poor. With his death we have lost one of our most beloved friend and a great leader in the financial world. We pray for his soul to rest in peace and wish his family and friends the strength to bear with this irreparable loss." "May God grant him eternal peace."

शोक पुस्तिकामा नेपाल राष्ट्र बैंकका पूर्व मुख्य आर्थिक सल्लाहकार डा. श्री मिना आचार्यले लेख्नु भएको छ -"नेपालमा सरकारी स्तरबाट भए पनि नेपाली महिलाका लागि लघुकर्जाको नेपाल राष्ट्र बैंकबाट बाटो खोलेर र लघु ऋण संस्थाहरु प्रवर्द्धन गरेर नेपालमा गरीबी न्यूनिकरण गर्ने तर्फ पहिलो कदम चाल्नु हुने धेरै समयसम्म राष्ट्र बैंकमा सँगै काम गरेको साथीको असामयिक निधनमा गहिरो दुःख लागेको छ । वहाँको आत्माको चिर शान्तिको कामना गर्दै परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु ।"

शोक पुस्तिकामा नेपाल विद्युत प्राधिकरणका पूर्व म्यानेजिङ्ग डाईरेक्टर तथा एन.आई.डि.सी.का पूर्व महाप्रवन्धक श्री अजित एन. एस. थापाले लेख्नु भएको छ- "Hariharji was a good man & a good friend. His contribution to role creation and poverty reduction through micro financing will always we remembered. His untimely death has grieved all his friends and relatives. My deepest condolences to his family and may his soul rest in eternal peace."

शोक पुस्तिकामा नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष तथा नेपाल ग्रामीण विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री धर्म राज पाण्डेले लेख्नु भएको छ- "नेपालमा लघुवित्त क्षेत्रका अध्येता, नेपाल राष्ट्र बैंकका पूर्व डेपुटी गभर्नर, गरीबी निवारणका लागि ग्रामीण क्षेत्रमा वित्तीय श्रोतका साथै सामाजिक स्तर र आर्थिक स्तर माथि उठाउन ग्रामीण महिला, जनजाति, पिछडिएका वर्गका उत्थानका लागि अहोरात्र खटि रहनु भएका नेपाल लघुवित्त क्षेत्रका अभिभावक कार्यकारी संचालक डा. हरिहर देव पन्तज्यूको मिति २०७२ भाद्र २१ गते असामयिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै उहाँ प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै उहाँको आत्माको चिर शान्तिको कामना गर्दछौं । साथै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । यस सिलसिलामा निर्धन उत्थान बैंक र बैंक परिवारलाई यति प्रगतीमा पुऱ्याउन गर्नु भएको उहाँको प्रयास, सफलताको स्मरण भई रहने र निर्धन उत्थान बैंक परिवार प्रति सहानुभूति र धैर्यधारण गर्ने क्षमता र उहाँको परिवार प्रति धैर्यधारण गर्ने क्षमता ईश्वरले पूरा गरुन भन्ने हार्दिक कामना गर्दछौं ।"

फर्वाड परिवारका अध्यक्ष तथा पूर्व राज्य मन्त्री श्री भगवती चौधरीले शोक पुस्तिकामा लेख्नु भएको छ -"स्वर्गीय हरिहर देव पन्त कुशल व्यक्तित्व, समाज सेवी, लघुवित्त क्षेत्रको अग्रणी अगुवा नेपाली गरीबी न्यूनिकरणमा लागि पर्ने प्रमुख व्यक्तित्वको मिति २०७२।०५।२१ गते असामयिक निधनले हामी लघुवित्तकर्मी लगायत सेवीहरुलाई अगुवा अग्रज गुमाएको महसुस भएको छ । जसमा वहाँको यस क्षेत्रको योगदानलाई कदर गर्दै वहाँले देखाएको बाटो तर्फ जोखिम रहित लघुवित्त क्षेत्र गरीबी न्यूनिकरण अभियानलाई लग्नु पर्ने हामी सामाजिक अभियन्ता र लघुवित्तकर्मीहरुलाई पथ प्रदर्शक रुपमा हाम्रो माझ रही रहनु हुन्छ भन्ने वहाँको मृत आत्मालाई शान्ति तथा स्वर्गमा बास होस भन्ने कामना गर्दै हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोक सन्तप्त परिवार र सम्पूर्ण निर्धन उत्थान बैंक परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।"

लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश राज शर्माले शोक पुस्तिकामा लेख्नु भएको छ "मेरा अग्रज, गुरु, पथप्रदर्शक तथा हाकिम डा. हरिहर देव पन्तज्यूको असामयिक तथा दुःखद निधनले मर्माहत भएको छु । डा.साहेवको नेपालको लघुवित्त विकास, प्रवर्द्धन तथा विस्तारमा जुन योगदान रह्यो त्यो अतुलनिय छ । वहाँको गरीबी निवारण प्रतिको चिन्ता एवम् प्रतिवद्धताले नै लघुवित्त आज यो स्थितिमा आई पुगेको जस्तो लाग्छ । देशको ७५ जिल्लामा नै लघुवित्त सेवा पुऱ्याउने वहाँको सोंच साकार पारी वित्तीय पहुँच विस्तार गर्न समेत वहाँको उल्लेखनिय योगदान रह्यो । नेपालको लघुवित्तका पिताको विभुषणबाट विभुषित डा. पन्तको मृत आत्माको चिर शान्तिको कामना गर्दै निज प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु र यस शोकको घडीमा परिवारजन तथा निर्धन परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।"

लघुवित्त क्षेत्रमा प्रतिष्ठित, बुद्धिजिवि, रुरल माईक्रोफाईनान्स डेभलपमेन्ट सेन्टर लिमिटेडका पूर्व प्रमुख कार्यकारी अधिकृत श्री शंकर मान श्रेष्ठले शोक पुस्तिकामा लेख्नु भएको छ -"डा. हरिहर देव पन्त नेपालको लघुवित्तको एउटा अग्रज

हुनुहुन्थ्यो । उहाँ सँधै लघुवित्त कै विकास र गरीबको भलो गर्नमा चिन्तनशील हुनुहुन्थ्यो । उहाँको असामयिक निधनले नेपालले एउटा सपुत र लघुवित्तको एउटा प्रणेता गुमाएको छ । मैले एउटा पूरानो सहृदयि मित्र र सहयात्री गुमाएको छु । निर्धन बैंक वहाँको परिकल्पना हो । म निर्धन परिवारलाई हार्दिक समवेदना एवम् वहाँको दिवगंत आत्माको चिर शान्तिको कामना गर्दछु । साथै वहाँको शोक सन्तप्त परिवारलाई पनि भगवानले धैर्यधारण गर्न शक्ति दिईयोस भन्ने कामना साथ उहाँलाई श्रद्धान्जली अर्पण गर्दछु ।"

छिमेक लघुवित्त विकास बैंक लिमिटडका प्रमुख कार्यकारी अधिकृत श्री रामचन्द्र जोशीले शोक पुस्तिकामा लेख्नु भएको छ- "लघुवित्त क्षेत्रका हस्ती तथा पिता डा. हरिहर देव पन्तज्यूले लघुवित्तलाई नेपालमा स्थापित गराउन अतुलनिय योगदान पुऱ्याउनु भएको कसैको विवादै छैन । वहाँको यस योगदानलाई अझ बढी सुदृढ बनाउन यस क्षेत्रमा कार्यरत व्यक्तिहरु लाग्नु भएमा वहाँको सम्मान कदर हुनेछ । यस तर्फ छिमेक लघुवित्त विकास बैंकको तर्फबाट सदा लागि रहने प्रण गर्दै हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछौं ।" साथै उक्त बैंकका वरिष्ठ विभागिय प्रमुखहरु श्री शोभा मिश्र, श्री चोलाराज शर्मा, विभागिय प्रमुखहरु श्री दिपक पाण्डे, श्री तारानाथ महतो, श्री निकेश अधिकारी, सहायक विभागिय प्रमुख श्री हरि राज लोहनीको पनि उपस्थिति रहेको थियो ।

शोक पुस्तिकामा मेट लाइफ एलिकोका प्रमुख कार्यकारी अधिकृत Mr. Ala Uddin Ahmad ले लेख्नु भएको छ- "On behalf of MetLife, let me pass our heartfelt condolence on the sad demise of Dr. Harihar Dev Pant. We pray to God for peace of his departed soul.

We applaud his leadership in establishing not only microfinance but micro-insurance in Nepal. It was his vision that brought MetLife closer to Nirdhan Utthan Bank as a partner to deliver financial security and protection of thousands of families across the country. This has now became a model of success on a national and global scale.

We have wonderful memories of working closely with him for past six years and we will forever cherish it. He will always be remembered as a person with visionary leadership, passion for serving the deprived and delightful sense of humor.

We are confident that his well-groomed team will take Nirdhan Uthhan Bank to another height following his legacy.

शोक पुस्तिकामा ईन्टरनेशनल फाईनान्स कर्पोरेशनका रेसिडेन्ट रिप्रिजेन्टिभ Mr. Valentino S. Bagasting ले लेख्नु भएको छ- "Dr. Pant was a great visionary and pioneer. His contributions to the financial sector and poverty alleviation in Nepal are unparalleled. We have had the great privilledge and honour of working with him and will miss him greatly. On sincere condolences to his family and the NUBL family. With heartfelt sympathies on behalf of the entire World Bank Group and International Finance Corportion.

फष्ट माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री नुमनाथ पौडेलले शोक पुस्तिका लेख्नु भएको छ-"लघुवित्त क्षेत्रका प्रणनेता तथा जुझारु व्यक्तित्व भएका डा. हरिहर देव पन्तज्यूले पुऱ्याउनु भएको योगदान कदर गर्दै यस फष्ट माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लिमिटेड, ज्ञानेश्वरको तर्फबाट हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछौं ।"

निर्धन उत्थान बैंक लिमिटेडका पूर्व संचालक डा.फत्त बहादुर के.सी.ले शोक पुस्तिकामा लेख्नु भएको छ -"नेपालको लघुवित्त क्षेत्रका प्रणेता तथा गरीबी निवारण कार्यमा जीवनको अन्तिम घडीसम्म समर्पित उज्वल नक्षत्रको असामयिक निधनबाट समग्र वित्तीय क्षेत्र नै मर्माहित बनेको यस दुःखद क्षणमा डा. हरिहर देव पन्तको आत्माको चिर शान्तिको कामना गर्दै उहाँले देखाउनु भएको आदर्श मार्गमा उभिन हामी सबैलाई प्रेरणा प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । यस दुःखद घडीमा उहाँको परिवारको साथै निर्धनमा कार्यरत सम्पूर्णमा धैर्यधारण गर्ने क्षमता प्राप्त हो भन्ने कामना समेत गर्दछु ।"

रुरल माईक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लिमिटेडका श्री मेघराज गजुरेलले शोक पुस्तिकामा लेख्नु भएको छ - "नेपालको लघुवित्त विकास तथा विस्तारमा अतुलनिय योगदान पुऱ्याउनु हुने युग पुरुषको पूर्ण आयु नपुग्दै यस संसारबाट विदा हुनु भएकोमा म वहाँको चिर शान्तिको लागि हृदयदेखि प्रार्थना गर्दछु । वहाँले अरु कतिपय ठूला रोगहरुलाई जित्नु भयो तर यो क्रुर रोगसँग वहाँको केही लागेन । जे भए पनि वहाँको नाम नेपालको लघुवित्तको ईतिहासमा अमर रहने छ । वहाँ एक जाज्वल्यमान ताराको रुपमा सँधै रही रहनु हुनेछ । वहाँको सरलता र मिलनसारिताले वहाँलाई सँधै सम्झाई रहनेछ । श्रद्धान्जली । श्रद्धान्जली ॥ श्रद्धान्जली ॥।"

त्यसै गरी नेशनल माईक्रोफाईनान्सका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादव, स्वावलम्वन लघुवित्त विकास बैंक लिमिटेड परिवारका श्री ध्रुव राज पौडेल, श्री चन्द्र मणि चौलागाई, श्री निलकण्ठ पौडेल, श्री चन्द्रकान्त काफले र श्री मोहन भट्टराई, मेटलाईफ एलिकोका श्री निर्मल कुमार श्रेष्ठ, श्री अरुण बस्नेत र श्री रितेन्द्र कार्की, श्री अरुण राना, श्री संजिव न्यौपाने, श्री भक्ति प्रसाद उप्रेती, श्री तोजो मान प्रधान, स्वावलम्वन लघुवित्त विकास बैंक लिमिटेडका श्री राजेन्द्र धिताल, श्री रामचन्द्र पौडेल, श्री प्रताप नारायण श्रेष्ठ र श्री प्रकाश डाखुसी, सम्पादक समाजका श्री जग्य प्रसाद दाहाल, मिडिया म्याग्नमका श्री श्याम डोटेल, मर्सिकोरका श्री किरण अधिकारी र श्री ईन्द्र कटवाल, श्री रत्न राज बज्राचार्य, नेपालवाणि नेटवर्कका श्री अमृत अधिकारी, अ.ने.संघ संस्था तथा बैंक वित्तीय श्रमिक संघ, केन्द्रीय उपाध्याक्ष श्री राजन पाण्डे, श्री दिनेश झा, श्री बाबुराम रानाभाट, स्वरोजगार लघुवित्त विकास बैंक लिमिटेडका श्री उदय राज खतिवडा, श्री सरोज प्रसाद रिमाल र श्री मधुसुदन अधिकारी, छिमेक समाज सेवा संस्थाका श्री कृष्ण राज पन्त, श्री मधुसुदन अधिकारी, श्री दुर्गा प्रसाद ज्ञवाली तथा एन.बि.एस.एन. समूह, सनराईज बैंक लिमिटेडका श्री लक्ष्मी प्रसाद शर्मा, डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडका श्री हेम कुमार काफ्ले र श्री हरि आचार्यले पनि डा. पन्तज्यू प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्नु भएको छ । त्यसै गरी एभरेष्ट ईन्स्योरेन्स कम्पनी लिमिटेडका श्री प्रदिप मोहन धौभडेल, श्री रमा दाहाल, श्री राम कुमार खत्री, सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेड श्री गणेश राज पोखरेल र श्री रामधन श्रेष्ठले पनि डा. पन्तज्यू प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्नु भएको छ । त्यसै गरी लघुवित्त क्षेत्रमा कार्यरत विभिन्न लघुवित्त संस्थाका कर्मचारीहरुले पनि शोक पुस्तिकामा हार्दिक श्रद्धान्जली अर्पण गर्दै हस्ताक्षर गर्नु भएको छ ।

बैंकको प्रगति विवरण (२०७२ आश्विन मसान्तसम्मको विवरण)

हालसम्म वितरण कर्जा:	४२,०४,१०,५७,०५६
हालसम्म असुली भएको कर्जा:	३४,५७,८७,६७,१३२
लगानीमा रहेको कर्जा:	७,४६,२२,८९,९२४
सदस्यहरुको बचत मौज्दात:	३,०३,२७,९१,३०६
ग्राहक संख्या:	२,५३,३५१
कर्जा लिने ग्राहक संख्या:	१,६९,३२८
केन्द्र संख्या :	१२,५६३
कर्मचारी संख्या:	९११
शाखा कार्यालय संख्या:	१७६
क्षेत्रीय कार्यालय संख्या:	१०
कार्यरत जिल्ला:	७५
कार्यरत गा.वि.स. र नगरपालिका:	१,६३६
महिला कर्मचारी संख्या:	१६७

भावपूर्ण श्रद्धान्जली

जन्मः
२००१ आश्विन २३

मृत्युः
२०७२ भाद्र २१

संस्थापक डा. हरिहर देव पन्त

नेपालमा रहेको आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानसिक गरीबी र सोबाट सिर्जित असमानता कम गर्ने एउटै मात्र मार्ग आम जनतामा वित्तीय पहुँच पुऱ्याउनु हो भन्ने मान्यतालाई आत्मसात गर्दै आफु नेपाल राष्ट्र बैंकमा डेपुटि गभर्नर हुँदादेखि नै विकट ग्रामीण क्षेत्रमा बैंकिङ्ग कार्यक्रम विस्तार गर्न विभिन्न नीतिगत व्यवस्था गर्दै गर्दा सो व्यवस्थाले मात्र वास्तविक गरीब वर्ग र सो वर्ग भित्र पनि अझ पछाडि पारिएको महिला वर्गको उत्थान गर्न नसकिने देखि वास्तविक लक्षित वर्गसम्म पुग्न नेपालमा भिन्दै प्रकृतिको लघुवित्त विकास बैंकको आवश्यकतादेखि बंगलादेशमा भएको ग्रामीण बैंक वित्तीय प्रणालीको अनुशरण गरी नेपालमा ग्रामीण बैंक मोडल कार्यान्वयनमा ल्याउनु हुने, नेपालमा गरीबी निवारण गर्ने लक्ष्य नै आफनो जीवनको एक मात्र लक्ष्य बनाउनु भएका नेपालका लघुवित्तका पिता भनेर चिनिने यस बैंकका संस्थापक तथा कार्यकारी संचालक श्री डा. हरिहर देव पन्तको ७३ वर्षको उमेरमा मिति २०७२ भाद्र २१ गते असामयिक स्वर्गारोहण भएकोमा यस बैंकले आफनो अभिभावक गुमाएको छ। दुःखको यस घडीमा बैंक संचालक समितिका साथै बैंकका सम्पूर्ण कर्मचारीका तर्फबाट भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं । साथै दुःखको यस घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

निर्धन उत्थान बैंक लिमिटेड

संचालक समिति तथा सम्पूर्ण कर्मचारी परिवार

वरिष्ठ सल्लाहकार : श्री भोज राज बश्याल **सल्लाहकारः** श्री राज नारायण दास, श्री कृष्ण राज चौधरी
सम्पादकः श्री पवन कुमार श्रेष्ठ **सह–सम्पादकः** श्री कल्पना गौतम, श्री सीता पाण्डे
सम्पर्क ठेगानाः
निर्धन उत्थान बैंक लिमिटेड, केन्द्रीय कार्यालय, निर्धन भवन, भगवतीबहाल, नक्साल, काठमाडौं, नेपाल
फोनः ९७७-१-४४१३७११, ४४१३७९४, ४४१३८४०, फ्याक्सः ९७७-१-४४१३८५६
E-mail: info@nirdhan.com, Website: www.nirdhan.com